पहिलो अनुच्छेद

## अनुसन्धान परिचय

### १.१ पृष्ठभूमि

नेपाल मन्दिरै-मन्दिरको देश भनेर विश्वमा चिनिन्छ । मन्दिरलाई परापूर्वकालदेखि वर्तमानसम्म उतिकै आस्थासँग मानिसहरूले जगेर्ना र पुनःनिर्माण गर्दै आईरहेको देख्न सकिन्छ । मन्दिरसँगै हाम्रो सँस्कार, सँस्कृति र साँस्कृतिक पहिचान उतिकै महत्वपूर्ण रहेको छ । जुन हाम्रो जीवन व्यवहारको अभिन्न अङ्गको रुपमा रहेको छ । यसै क्रमामा काठमाडौं उपत्यकाको पूर्वी क्षेत्रमा पर्ने प्राचीन नेवारी साँस्कृतिक शहरको रुपमा भक्तपुर पनि रहेको छ । यस क्षेत्रमा विश्वसम्पदामा सूचीकृत दुईवटा  सम्पदाहरू रहेका छन् । साँस्कृतिक नगरीको रुपमा रहेको यस स्थानमा अवस्थित विभिन्न मन्दिरहरूमध्ये तिलमाधव नारायण मन्दिर पनि एक हो (चित्र नं..१)।

भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं. ५ मा अवस्थित यो मन्दिर २ छाने नेपाली शैलीमा निर्मित छ । यहाँ प्रचलित लोकोक्ति अनुसार तिलको थुप्रोबाट उत्पति हुनुभएका नारायण भगवान् भएका हुनाले तिलमाधव नारायण नामांकरण भएको हो भन्ने मान्यता छ । नेवारीमा तिललाई हाम भन्ने गरिन्छ त्यसैले यो नारायणलाई नेवारीमा हाम नारांद्य भन्ने गरिएको पाइन्छ । यस मन्दिरले हिन्दुधर्म अन्तर्गत वैष्णव पूजा-आराधनाको महत्वलाई देखाएको छ । यस मन्दिर भक्तपुर दरवार क्षेत्रबाट दक्षिण तर्फ टौमढी टोल र गहिटि टोलको नाननी चोकमा रहेको छ । नाननीमा अवस्थित भएकोले नाननी नारांद्य पनि भन्ने गरिन्छ ।

यो मन्दिर न्यातापोल मन्दिर को दक्षिणमा एउटा चोक भित्र रहेको छ । मन्दिर प्राङ्गणको पश्चिममा वंशगोपालवाट टौमढी आउने वाटो र  प्राङ्गणको  दशिणमा गहिटि टोल रहेको छ । प्राङ्गणको पूर्वमा भगवति मन्दिर हुँदै हनुमन्ते घाट जाने बाटो पर्दछ ।

### १.२ समस्या कथन

काठमाडौं उपत्यकाका विभिन्न क्षेत्रमा भएका मन्दिरहरूमध्ये एक महत्वपुर्ण मन्दिरको रुपमा भक्तपुरको तिलमाधव नारायण मन्दिर पनि भएको हुनाले यस मन्दिरमा केन्द्रित भएर अनुसन्धान गर्नु जरुरी छ । यस शोधकार्यमा निम्न बुँदालाई समस्याकथनका रुपमा लिइएको छ ।

तिलमाधव नारायण मन्दिरको मूर्त साँस्कृतिक पक्षको पर्याप्त अध्ययन नहुनु ।

तिलमाधव नारायण मन्दिरको अमूर्त साँस्कृतिक पक्षको पर्याप्त अध्ययन नहुनु ।

## १.३ शोधको उद्देश्य

यस शोधको उद्देश्यहरू निम्नानुशार रहेका छन् –

तिलमाधव नारायण मन्दिरको मूर्त साँस्कृतिक पक्षको अध्ययन गर्नु ।

तिलमाधव नारायण मन्दिरको अमूर्त साँस्कृतिक पक्षको अध्ययन गर्नु ।

## १.४ शोधको महत्व

नेपालका विभिन्न मठ-मन्दिरहरूको छुट्टाछुट्टै महत्व रहेको छ । त्यसैगरी यस शोधको पनि आफ्नै महत्व छ , जुन यस प्रकार रहेका छन्-

तिलमाधव नारायण मन्दिर र मन्दिर परिसरको ऐतिहासिक, साँस्कृतिक तथा धार्मिकपक्षको जानकारीको लागि ।

तिलमाधव नारायण मन्दिर र यसको वरिपरिको पुरातात्विक तवरले अध्ययन गरी त्यसको संरक्षण तथा सम्बर्द्धन गर्न सम्बन्धित सवैको ध्यानाकर्षण गराउनको लागि ।

मन्दिर र त्यसको वरिपरिको कला र वास्तुकलाको भौतिक र साँस्कृतिक पक्षको महत्व दर्शाउनको लागि ।

यस शोधमा प्रयुक्त प्रविधिले पछिका अनुसन्धानहरूलाई सहयोग पुऱ्याउनको लागि ।

## १.५ शोधको सीमा

शोधको अध्ययन क्षेत्र तिलमाधव नारायण मन्दिर र मन्दिरको प्राङ्गण रहने छ । यस मन्दिरसँग सम्बन्धित साहित्यिक, ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका वस्तुहरू यसको अध्ययन क्षेत्रभित्र पर्दछन् । मन्दिरसँग सम्बन्धित वास्तुकला, मूर्तिकला आदिबारे अध्ययन गरिनेछ । त्यसैगरी तिलमाधव नारायण मन्दिरको धार्मिक ईतिहास सँस्कृति, साँस्कृतिक गतिविधि, पूजा, पर्वपूजा, जात्रा आदिका अध्ययनमा सीमित रहनेछ ।

## १.६ शोध विधि

तिलमाधव नारायण मन्दिरको साँस्कृतिक अध्ययनका निम्ति निम्न शोध तथ्य सङ्कलन विधि अपनाइएका छन्-

### १.६.१ प्राथमिक स्रोत

**क. स्थलगत निरिक्षण:** यो शोधपत्र विशेषत: स्थलगत अध्ययनमा आधारित रहेकोले स्थलगत अवलोकनलाई नै सामाग्री सङकलनको प्रमुख आधार मानिएको छ । स्थलगत अवलोकनमा मन्दिरमा सञ्चालन भएका नित्यपूजा तथा विभिन्न जात्रापर्वहरु लगायत मन्दिरको वास्तुकलाको निरिक्षण गरिएको छ ।

**ख. अन्तर्वार्ता:** यो शोधपत्र तयार गर्नको लागि स्थनीय क्षेत्रका पुजारी, भक्तजन र सम्बन्धित क्षेत्रका विज्ञहरूसँग अन्तर्वाता लिइएको छ । मन्दिरको दैनिक नित्यकर्म, मन्दिरका विभिन्न जात्रापर्वहरु हुने समय र विधिका वारेकामा अन्तर्वार्ता लिइएको छ ।

**ग. अभिलेख संकलन र अध्ययन:** यस शोध अध्ययनको लागि तिलमाधव नारायण मन्दिरको सरोफेरोमा रहेका विभिन्न अभिलेखहरूलाई समावेश गरी वास्तविक तथ्यलाई प्रामाणिक तुल्याउन मद्दत लिइएको छ । मन्दिर प्राङ्गणमा भएको पूर्वमध्यकालीन अभिलेख र पछिल्लो समयका अभिलेखहरू अध्ययन गरि त्यसवाट मन्दिरको स्थापना सम्बन्धि जानकारी लगाएत मन्दिरमा विभिन्न समयमा स्थापना गरिएका र थपिएका स्मारकहरूको वारेमा जानकारी हासिल गरिएको छ ।

**घ. फोटोग्रफी संकलन र विश्लेषण:** मन्दिर तथा देवदेवीको तस्वीर लिइएको छ । नित्य पुजाका अवसरका एवम् विभिन्न साँस्कृतिक क्रियाकलाप भईरहेको अवस्थाको र सर्वसाधारणको तस्वीर समावेश गरिएको छ । यसवाट मन्दिरका विभिन्न साँस्कृतिक पक्षहरूको अभिलेखन गर्न सकिएको छ ।

**१.६.२ द्वितीय स्रोत:** यस शोधपत्रसँग सम्बन्धित विभिन्न विद्वानहरूले लेखेका प्रकाशित र अप्रकाशित पुस्तक, लेख, रचना आदिलाई यस शोधपत्र तयार गर्ने क्रममा सहायक सामाग्रीको रुपमा अपनाइएको छ ।

### १.७ शोधढाँचा

प्राथमिक र द्वितीय  स्रोतबाट संकलित तथ्यहरूलाई विवरणारत्मक तथा विश्लेषणात्मक पद्दतिबाट व्याख्या गरिएको छ ।

### १.८ पुर्व कार्य समीक्षा

तिलमाधव नारायण मन्दिरको मूर्ति, सत्तल, पाटी, गुठी व्यवस्था आदिको बारेमा केही विज्ञहरूले प्रत्यक्ष तथा अप्रत्यक्ष रुपले सम्बन्धित लेख, रचना, पुस्तक आदि प्रकाशित गर्नुभएको छ । विद्धानवर्गकै कृतिहरूलाई द्वितीयक स्रोत मानेर यो अध्ययन गरिएको छ ।

**भाषा वंशावली भाग १** (वि.सं.२०२०) मा नेपालका विभिन्न देवीदेवताहरू लगायत विभिन्न मठमन्दिरहरूको उत्पतिका सन्दर्भका विभिन्न किम्बदन्तिहरूका वारेमा उल्लेख गरिएको यस ग्रन्थमा तिलमाधव नारायणको नामांकरणको बारेमा एक किम्बदन्तिको उल्लेख गरिएतापनि यससँग सम्बन्धित अन्य पक्षको उल्लेख पाइदैन जसको बारेमा यो शोधमा उल्लेख गरिएको छ ।

**द फेस्टिभलस अफ नेपाल** (१९७७) नामक ग्रन्थमा म्यारी एम. एण्डर्सनले नेपालमा मनाइने चाडपर्वहरूलाई पुस्तकको मुख्य विषयवस्तु बनाएका छन् । नेपालमा वर्षभरी मनाइने चाडपर्वहरूलाई महिनाका आधारमा छुट्याई राष्ट्रिय स्तरको चाडपर्वदखि विभिन्न क्षेत्रमा मनाइने जात्रापर्वको बारेमा पनि अध्ययन गरिएको छ । नेपालका प्रायजसो सम्पुर्ण चाड एवम् जात्रापर्वहरूलाई समेट्न खोजिएको यस पुस्तकमा तिलमाधव नारायण मन्दिरमा मनाइने कृष्ण जन्माष्टमीको जात्राको बारेका केहि उल्लेख पाइदैन । जुन यस शोधपत्र मार्फत उल्लेख गरिएको छ ।

**नेपाल मण्डलामा** (१९८१) मेरि स्लसरले काठमाडौं उपत्यकाका सामाजिक एवम् साँस्कृतिक पक्षहरूका बारेमा र विभिन्न मूर्तिकलाका बारेमा उल्लेख गरेको भएतापनि तिलमाधव नारायण मन्दिर प्राङ्गणको कुमार मूर्ति र नवग्रह सहितको सूर्यमूर्ति मात्र तिथिमिति विवरण गर्नुभएको छ तर गर्भगृहका अन्य मूर्तिहरू लगायत त्यहाँको कलाकृतिहरूको विस्तृत विवरण पाइदैन, जुन यस शोधमा व्याख्या गरिएको छ ।

**वैष्णव आईकोनोलोजी इन नेपाल** (१९८५) मा प्रतापादित्य पालले नेपालमा वैष्णव मूर्ति एवम् धर्मको इतिहासको वारेमा व्याख्या गर्ने सिलसिलामा भक्तपुरको तिलमाधव नारायणको उत्पतिको वारेमा प्रचलित किम्बदन्तिको बारेमा र यस मन्दिरको निर्माण समयको अनुमान गर्नुभएको छ । तर मन्दिर सँग सम्बन्धित अन्य विषयको थप जानकारी भने दिनुभएको छैन । उक्त अभावलाई यस शोधले समाधान गरेको छ ।

**द गोपालराज वंशावलि**मा (१९८५) धनवज्र वज्राचार्य र के. पी. मल्लले नेपालका विभिन्न कालको इतिहासको उजागर गर्नुभएको छ । जसलेगर्दा अभिलेखीय प्रमाणको अभावमा पनि नेपालको इतिहासका विभिन्न पक्षहरूका बारेमा जानकारी हासिल गर्न मद्दत पुगको देखिन्छ । तर तिलमाधव नारायण स्थानमा मण्डप, धारा आदि बनाए भन्ने उल्लेख मात्र परेको देखिन्छ । जसलाइ पुष्टि गर्ने अन्य आधार भने उल्लेख गरिएको छैन । थप अन्य विषयको जानकारी पनि पाइदैन । जुन यस शोधबाट प्रष्ट गरिको छु ।

**स्टोलन इमेजेज अफ नेपाल (१९८९)** नामक यस ग्रन्थमा लैनसिं वाङदेलले नेपालबाट चोरि भएका विभिन्न मूर्तिहरूका वारेमा उल्लेख गरिएको छ । जसअन्तर्गत तिलमाधव नारायण प्रांगणबाट १९७० को दशकमा एउटा लक्ष्मी र गरुड सहितको विष्णु मूर्ति चोरी भएको कुराको

उल्लेख गरिएको छ जसमा सो मूर्तिको विवरण दिइएको छ , तर त्यहाँ भएका अन्य मूर्तिहरूको विवरण भने दिइएको छैन ।

**इन्भेन्ट्रि अफ स्टोन स्कप्चर अफ द काठमाडौं भ्याली (१९९५)** मा लैनसिं वाङदेलल उपत्यकाका विभिन्न मूर्तिहरूको नापमान मिति चयन गरिएको पाइन्छ । जसमध्ये तिलमाधव नारायण मन्दिर प्राङ्गणका केहि मूर्तिहरूको बारेमा उल्लेख पाइन्छ तर विस्तृत विवरण भने त्यस ग्रन्थमा दिइएको छैन । जुन विवरण यस शोधबाट प्रष्ट गरेको छु ।

**धनवज्र वज्राचार्यले पूर्वमध्यकालका अभिलेख**मा (वि.सं.२०६८) मध्यकाल भन्दा अघिको समयताका प्राप्त विभिन्न अभिलेखहरूको प्रकाशन गरेबाट पूर्व मध्यकालका विभिन्न ऐतिहासिक कुराहरूको जानकारी दिने भरपर्दो स्रोतको रुपमा यस ग्रन्थलाई लिन सकिन्छ । तर विस्तृत विवरणको अभावका कारण भक्तपुरको तिलमाधव नारायण मन्दिरको स्थापनाकालको वारेमा चर्चा पाएतापनि मन्दिरको कला वास्तुकलाको विस्तृत जानकारी भने पाइदैन जस्को चर्चा यस शोधमा गरिनेछ ।

**लर्ड विष्णु एन आइकोनोग्राफि** (२०१२) नामक पुस्तकमा डा. माला मल्लले हिन्दूहरूका विशिष्ट देवता भगवान् विष्णुको चर्चा गर्नुभएको छ । मुख्य रुपमा हिन्दू धर्ममा भगवान् विष्णुको स्थान, उनका विविध स्वरुप, दशअवतार तथा विष्णुका विविध मूर्तिहरू बारे विस्तृत अध्ययन गरिएको छ ।

**भक्तपुरका ऐतिहासिक काष्ठ झ्यालहरू (२०७०)** नामक पुस्तकमा डा. कल्पना श्रेष्ठले काष्ठकलाको ऐतिहासिकता एवम् वास्तुकलाका विशेषताहरूको उल्लेख गर्नु भएको छ । यसै क्रममा भक्तपुरको तिलमाधव नारायणको मन्दिरको बारेमा पनि थोरै विवरण उल्लेख गर्नु भएको छ । जुन सबै छोटकरि विवरण भएको देखिन्छ । यहि कुराहरूको विस्तृत विवरण यस शोधपत्रबाट प्रष्ट गरेको छु ।

## १.९. शोधप्रवन्धको संरचना

| | |
|---|---|
| १.९.१ पहिलो अनुच्छेद | अनुसन्धान परिचय |
| १.९.२ दोस्रो अनुच्छेद | अध्ययन क्षेत्रको परिचय |
| १.९.४ तेस्रो अनुच्छेद | तिलमाधव नारायण मन्दिरका मूर्त पक्षहरू |
| १.९.५ चौथो अनुच्छेद | तिलमाधव नारायण मन्दिरका अमूर्त पक्षहरू |
| १.९.६ पाचौं अनुच्छेद | सारसंक्षेप, सुझाव एवम् निष्कर्ष |

दोस्रो अनुच्छेद

## अध्ययन क्षेत्रको परिचय

### २.१ भक्तपुरको परिचय

नेपाल विभिन्न धर्म, संस्कृति तथा परम्पराहरूले भरिपूर्ण देश हो । नेपालको राजधानी काठमाडौंको पूर्व दिशामा भक्तपुर जिल्ला रहेको छ । यस जिल्लाको मध्यभागमा साँस्कृतिक नगर भक्तपुर अवस्थित छ । समुन्द्रि सतहबाट करिब १,४०० मिटरको उचाईमा रहेको भक्तपुरको क्षेत्रफल ६ दशमलव ८८ वर्गमिटर छ (भक्तपुर, २०५८, पृ.९) । नेपालको नक्शामा भक्तपुर सानो भएतापनि कला र संस्कृतिमा यो नगर धनि छ । काठमाडौं उपत्यको सबैभन्दासानो यस भक्तपुर जिल्लामा भोटबर्मेली भाषा समुहका नेवारहरूको घना बस्ती रहिआएको छ । भक्तपुर मल्लकालको प्रतिनिधिमूलक नगर हो । यहाँको ऐतिहासिक, साँस्कृतिक परम्परा, कलाकौशल आदि जीवन्त छ । यसैकारणले भक्तपुरलाई काठमाडौं उपत्यकाको मणि पनि भनिन्छ । भक्तपुरका सम्पदाहरूको कलाकौशल, ऐतिहासिक एवम् साँस्कृतिक पक्षका कारण यो नगरलाई एशियाको रोम भनेर प्रशंसा गरेको पाइन्छ (भक्तपुर, २०५८, पृ.९) ।

ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक महत्वका स्थान र स्मारक सुसूचित गर्ने क्रममा भक्तपुर अग्रीम स्थानमा पर्दछ । सन् १९७९ मा युनेस्कोद्धारा विश्व साँस्कृतिक सम्पदा सूचीमा भक्तपुरलाई विशेष महत्वका साथ सूचीकृत गरेको थियो । यो नगरमा कला र सँस्कृतिका बर्षौं पुराना परम्पराहरू सजीव ढङ्गबाट निरन्तर- रुपमा परिचित छ । यसका साथै भक्तपुर समग्र राष्ट्रको कला र सँस्कृतिमा अनुरागीहरूका निम्ति आदर्श नमुनाको रुपमा रहेको छ ।

अभिलेखीय प्रमाणको आधारमा काठमाडौं उपत्यकामा प्राचीन कालमा नै अनेक वस्तीहरू वसिसकेको कुरा थाहा पाउन सकिन्छ । उदाहरणका लागि हंसगृह द्रङ्ग, लेम्बटी द्रङ्ग, शीताटीका द्रङ्ग, नुपुन्न द्रङ्ग, युपग्राम द्रङ्ग, दक्षिणकोली ग्राम द्रङ्ग, थतुरी द्रङ्ग, खोप्रिङ द्रङ्ग आदि प्रमुख वस्तीको उल्लेखबाट पुष्टि हुन्छ । उपत्यकाको मध्यभागमा वसेका खोप्रिङ द्रङ्ग, युपग्राम द्रङ्ग र दक्षिणकोलीग्राम द्रङ्ग लगायत नक्शालभेकमा वसेका द्रङ्गहरू उल्लेखनीय छन् (वज्राचार्य, २०३०, पृ. २१९-२२१) ।

लिच्छवि कालमा नै द्रङ्गको दर्जा पाइसकेको भ्क्तपुर पूर्वमध्यकालमा अझ वढी विकसित हुन पुगेको देखिन्छ । पुर्वमध्यकालको प्रारम्भदेखि यो नगर व्यवस्थित हुँदै गएको हो । स-साना गल्लीहरूमा लहरै जोडिएर बनेका परम्परागत नेवारी घरहरू, मठ-मन्दिर र चोकहरूले यो नगर निकै सुन्दर देखिन्छ । मौलिक कला र सँस्कृतिले धनी भक्तपुर शहर असंख्य ऐतिहासिक तथा साँस्कृतिक सम्पदाहरूबाट भरिपूर्ण छ । अमूल्य सम्पदाहरूले भरिएको भक्तपुरमा मौलिक महत्व तथा विशेषता बोकेको विभिन्न मन्दिरहरूमध्ये वैष्णव मन्दिरको पनि स्थापना भएको छ ।

## २.२ नेपालमा वैष्णव धर्म

मानव विकासक्रममा विविध जाति, संस्कृति, भेषभूषा, रहनसहन र धर्म उत्पति र विकास भएका पाइन्छ । हिन्दूधर्मका विभिन्न शाखाहरूमध्ये वैष्णव धर्म एक हो । भगवान् विष्णुलाई आफ्ना प्रधान इष्टदेवता र परमात्माको रूपमा मान्ने भक्तजनहरूलाई वैष्णव र त्यस धर्मलाई वैष्णवधर्म भनिन्छ । वैष्णव धर्मावलम्वीहरूले विष्णु र विष्णुका अनेक रूप र अवतारका साथै विष्णुका सहस्रनामहरू अनुसार भक्तिभाव, भावना, पूजा, अर्चना र उपासना गर्दछन् । यसरी नै भक्तिभाव र अहिंसाको जगमाथि नै वैष्णव धर्मको स्थापना भएको छ ।

भारतीय उपमहाद्विपमा रामायण, महाभारत, श्रीमद्भागवत पुराण, विष्णुपुराण, मत्स्यपुराण र वराह पुराणमा विष्णुका अवतार, रूप र नामहरुको वर्णनहरू पाइन्छन् । काठमाडौं उपत्यकाको बस्ती कृष्ण स्वयम्ले बसाएको कुरा पशुपति पुराण र भाषा बंशावलीले प्रष्ट पारेको छ । रामायणकालमा जनकपुरधाम हालको मिथिला क्षेत्र सीताको जन्मस्थल र भगवान विष्णुका अवतार रामको ससुराली रहेको छ । यसप्रकार भारतीय उपमहाद्विपमा परापुर्वकालमा नै थालनी भैसकेको पाइन्छ ।

नेपालमा वैष्णव धर्मको उत्पतिलाई काठमाडौं उपत्यकाको उत्पति सँगै जोड्न सकिन्छ । विभिन्न पुराणहरूमा उल्लेख भएअनुशार हिन्दु र बौद्ध ग्रन्थका छुट्टाछुट्टै भनाईहरू रहेका छन् । बौद्ध ग्रन्थ अनुशार नेपाल उपत्यका जलमग्न अवस्थामा महाचीनबाट आएका मञ्जुश्रीले आफ्नो खड्गले चोभारको डाँडो काटी त्यहाँ गल्छी बनाई पानी निकास गरिदिए र बस्ती बसाउन यो ठाउँ योग्य भयो भन्ने मान्यता रहेको छ । त्यसै गरी हिन्दू धर्मग्रन्थ अनुशार नेपाल उपत्यकामा ग्वालाहरूसँग आएका भगवान् कृष्णले आफ्नो सुदर्शन चक्रबाट चोभारको डाँडो काटी पानी निकाशा गरी यहाँ ग्वालाहरूको वस्ती बसाए भन्ने मान्यता रहेको छ (पाल, १९८५, पृ. १) । नेपालको इतिहासमा नेपालमा शासन गर्ने पहिलो वंशका रुपमा यीनै ग्वालाहरूलाई गोपालवंशी भन्ने गरेको देखिन्छ । यसैगरी क्रमश गोपालवंश पछि महिषपालवंश, किरातवंश, लिच्छविवंश, मल्लवंश र शाहवंशले शासन गरेको थाहा पाइन्छ । यसप्रकार नेपालमा वैष्णधर्मको प्रचारप्रसार तथा विस्तार उपत्यको पानी निकाशा गरी वस्ती बसाएबाट सुरु भएको देखिन्छ ।

पुरातात्वीक प्रमाणको आधारमा नेपालमा वैष्णधर्मको इतिहास पाँचौ शताब्दि देखि सुरु भएको देखिन्छ । लिच्छविकालीन राजा मानदेवले शक सम्वत् ३८६(इश्वी ४६४) मा चाँगुनारायण मन्दिरको अगाडी रहेको गरुड स्तम्भ अभिलेख राख्न लगाएका थिए । जसको सुरुवाटमै उनले भगवान् विष्णुको स्तुति गरेका छन् । श्रीवत्स चीन्हले झलमल भएका, राम्रो फराकिलो वाटुलो छाती भएका, छाती थुन कमल जस्ता हातले राम्रो भएका, आनन्द स्वरुप भएका, तीनैलोकको कलपुर्जा घुमाउन अनेकन् काममा सँधै लागेका कहिल्यै नाश नहुने दोला पर्वतमा बसिरहेको, देवताहरूले पुजा गरिरहेका विष्णु सबभन्दा ठुला हुनुहुन्छ (वज्राचार्य, २०३०, पृ. १४) । यस अभिलेखमा उनले आफ्ना माता पिता राज्यवती र धर्मदेवलाई लक्ष्मी र विष्णुसँग तुलना गरेका छन् । यसबाट मानदेवका साथै उनका माता पिता वैष्णवधर्म प्रति विस्वास राख्दथे भनि अनुमान गर्न सकिन्छ (पाल, १९८५, पृ. २) । राजा मानदेव वैष्णव

धर्मावलम्वी थिए भन्ने कुरा उनले शक संवत ३८९ (ईश्वी ४६७) मा आफ्नी आमा राज्यवतीको पुण्य बढोस् भनि तिलगंगा र लाजिम्पाटमा मन्दिर सहित राख्न लगाएको त्रिविक्रम वामनको मूर्तिले पनि प्रष्ट थाहा पाइन्छ (वज्राचार्य, २०३०, पृ. ३१, ३४) । यी प्रमाणका आधारमा मानदेव वैष्णवधर्म मान्दथे र उनको समयमा वैष्णवधर्म राजकिय धर्मको रुपमा रहेको थियो भन्नृ बुझ्न सकिन्छ । मानदेवपछी वसन्तदेवको पालामा पनि वैष्णवधर्म प्रचलित रहेको देखिन्छ । स्वयं राजा वसन्तदेव कुनधर्म मान्दथे त्यो थाहा नभएपनि उनको पालामा देखिएका सशक्त शासक भौम गुप्त भने वैष्णव धर्मावलम्वी थिए । उनले वराहको मूर्ति निर्माण गर्न लगाएका थिए । हाल धुम्बराहमा रहेको वराहको मूर्ति उनले राख्न लगाएको विश्वास गरिन्छ । लिच्छविकालमा निर्माण गरिएको विष्णुविक्रान्त, वराह जस्ता मूर्तिले गर्दा लिच्छविकालमा अवतारवादको प्रचलन भैसकेको ज्ञात हुन्छ ।

लिच्छविकालीन समय धार्मिकसहिष्णुताको समय थियो । तत्कालीन समयमा राजकीय धर्म जेभएतापनि आफ्नो इच्छाअनुसार अन्य धर्म मान्ने स्वतन्त्रता पनि थियो । राजा मानदेव वैष्णव धर्मावलम्बी भएपनि उनकी रानीहरू क्षेमसुन्दरी, गुणवती र छोरी विजयवती शैवधर्म मान्दथे (वज्राचार्य, २०३०, पृ. ४०) । लिच्छवि शासक शिवदेव अंशुवर्माको समयमा शैवधर्म राजकिय धर्मको रुपमा रहेको थियो । अंशुवर्मा स्वयं शैवधर्म मान्दथे । उक्त सन्दर्भलाई उनले लिएको पशुपतिभट्टारक भन्ने उपाधीबाट पुष्टिगर्न सकिन्छ । यसो भए तापनि वैष्णवधर्ममा पनि उनको समान आस्था थियो । उनले वैष्णव मन्दिरहरूमा दान दिने एवम् जिर्णोद्धार गर्ने कार्य गरिरहे । चाँगुनारायण मन्दिर भित्रको मूख्य देवता गरुडनारायणको कवच र गरुड जीर्ण भएकोले अंशुवर्माले कवच र गरुड फेरिदिएका थिए (वज्राचार्य, २०३०, पृ. ३१८) । हाँडिगाउँको अंशुवर्माको अभिलेखमा विभिन्न देवमन्दिर, विहारहरूलाई पण पुराण छुट्याउने क्रममा दोलाशिखर स्वमीलाइ पनि ६ पुराण २ पण छुट्एका थिए (वज्राचार्य, २०३०, पृ. ३२१) । यी प्रमाणहरूबाट अंशुवर्माको समयमा पनि वैष्णवधर्म लोकप्रिय रहेको थाहा हुन्छ ।

लिच्छविकालीन समयमा देखापरेको गुप्त शासकहरूको समयमा पनि वैष्णवधर्म लोकप्रिय रहेको कुरा अभिलेख तथा त्यसवखतका मूर्तिहरूबाट थाहा हुन्छ । हाल बुढानिलकण्ठमा रहेको जलाशयन विष्णुको मूर्ति विष्णु गुप्तले राख्न लगाएका थिए । यो मूर्ति बनाउन दक्षिणकोलियग्रामका जनताहरूले ढुङ्गा तानेर ल्याइदिएकाले त्यस भेगका जनताहरूलाई विभिन्न सुविधाहरू गरिदिएको थियो (वज्राचार्य, २०३०, पृ. ४४४) । चाँगुनारायण मन्दिरमा आउने श्रद्धालु भक्तजनहरूको लागि बनाईदिएको धारा जिर्ण भएका कारण सो धाराको जिर्णोद्धार पनि विष्णु गुप्तले गरेका थिए । यी प्रमाणहरूबाट विष्णु गुप्तको झुकाव वैष्णवधर्मप्रति ज्यादा थियो भन्ने पुष्टि हुन्छ ।

लिच्छवि राजा, सामन्त तथा सर्वसाधारणहरूले राख्न लगाएका अभिलेख, दानधर्म जिर्णोद्धारबाट वैष्णवधर्मप्रतिको उनीहरूको आस्था प्रस्ट देखिन्छ । हाँडीगाउँ सत्यनारायण मन्दिर अगाडीको आभिरी गोमिनीको गरुड स्तम्भ अभिलेख पनि वैष्णव धर्मको महत्वलाई बुझाउने प्रमाण हो । लिच्छविकालीन समयमा राखीएका विभिन्न अभिलेखको शिरोभागमा उत्कीर्ण वैष्णव चिन्हहरू शंख, चक्र लगायत अभिलेखको सुरुवाटमा गरिएका विष्णुका स्तुतिहरू, विष्णुका अवतारहरूका साथै गरुड, लक्ष्मी, विष्णु

आदिका मूर्तिहरू निर्माणबाट पनि लिच्छविकालीन समयमा नेपालमा वैष्णव धर्मप्रतिको लोकप्रियतालाई जान्न सकिन्छ ।

नेपालको इतिहासमा लिच्छवि वंश पछिको समयलाई मध्यकालीन समय मानिन्छ । पूर्वमध्यकालीन समयमा पर्याप्त अभिलेख प्राप्त नभएको कारण यस समयलाई अन्धकारको युग मानिए तापनि यस समयमा प्राप्त भएका विभिन्न अभिलेख तथा वंशावलीहरूबाट त्यस समयमा पनि वैष्णव धर्म प्रचलित रहेको थाहा हुन्छ । पूर्वमध्यकालीन प्रख्यात राजा सिंहदेव वा शिवदेवको वैष्णवधर्मप्रति विशेष झुकाव थियो । त्यसैले यिनले *दोलाशिखर वासी भगवत् भट्टारकानां पादपंकजानु गृहीतः महाराजधिराज परमेश्वर* भन्ने प्रशस्ति लिएका थिए (खनाल, २०४०, पृ. २८) । यो प्रमाणबाट पूर्वमध्यकालीन राजा शिवदेव वैष्णव हुन भनेर थाहा पाउन सकिन्छ । उनी अघिका केहि राजाका अभिलेख चाँगुको भण्डारवाट प्राप्त भएका छन । जसवाट वैष्णवधर्मको लोकप्रियता थाहा हुन्छ । वंशावली अनुशार राजा शिंहदेवले चाँगुनारायण मन्दिरको जिर्णोद्धार गरेका थिए । मोहन प्रसाद खनालको चाँगुनारायणको ऐतिहासिक सामग्री नामक पुस्तकमा भण्डारमा रहेका मूर्ति तथा अभिलेखबाट पूर्वमध्यकालीन शासक तथा सर्वसाधारणहरूले चाँगुनारायणको भक्तिभावा गरी दानधर्म गरेको कार्यबाट नेपालको इतिहासमा तत्कालीन समयमा वैष्णव धर्म महत्वपूर्ण रहेको थाहा हुन्छ । नेपालको विभिन्न स्थानमा वैष्णव मूर्तिहरू तथा मन्दिरहरू रहेका छन् । ती मन्दिरहरू हाल अस्तित्वमा रहेनन् यी मन्दिरहरूको ऐतिहासिकता पूर्वमध्यकालसम्म पुग्दछ । जसले वैष्णवधर्मको लोकप्रियतालाई दर्शाउँछ, आदिनारायण थानकोट, तिलमाधव नारायण भक्तपुर, शिखर नारायण फपिङ आदि पूर्वमध्यकालीन मन्दिरका उदाहरण हुन (पाल, १९८५, पृ. ११) ।

पूर्वमध्यकालीन समयमा नेपाल तीनवटा राज्यमा विभाजित थियो । काठमाडौं उपत्यका, कर्णाली प्रदेशको खस राज्य र दक्षिण सिम्रौनगढ राज्य गरी तीन राज्यमा विभाजित थियो । काठमाडौं उपत्यकामा मात्र नभई खस राज्य एवम् कर्णाटक राज्यमा पनि वैष्णवधर्म लोकप्रिय रहेको प्रमाण पाइन्छ । खस राज्य अन्तर्गत पर्ने दैलेखबाट प्राप्त गरुडाशन विष्णुको मूर्ति, पन्ध्रौं शताब्दिको मानिएको थलराको विष्णु मूर्ति, दुल्लु नाभिस्थानमा प्राप्त गरुडाशन विष्णु मूर्ति आदि यसका प्रमाण हुन् (खनाल, २०५२, पृ. ४३) ।

जयस्थिति मल्लको समयको धार्मिक अवस्थाको कुरा गर्दा उनी धार्मिक सहिष्णु राजा थिए । शैव, वैष्णव लगायत अन्य धर्मप्रति जयस्थिति मल्लको समान आस्था थियो । उनले विभिन्न वैष्णव तीर्थस्थलमा गई पूजापाठ गरी दानधर्म गरेका थिए । जयस्थिति मल्ल सपरिवार चाँगुनारायण मन्दिरमा गई नारायणको पूजाआराधना गरेका थिए (नेपाल, २०६२, पृ. २४०) । जयस्थिति मल्ल तथा यिनका नाती यक्ष मल्ल भगवान् विष्णुका अनुयायी थिए । यक्ष मल्लले विभिन्न वैष्णव मन्दिर निर्माण गरेका छन्, जसमध्ये एक दत्तात्रय मन्दिर हो (पाल, १९८५, पृ. ११) । यसका साथै पूर्वमध्यकालीन समयमा नै लेखिएको विविध धार्मिक ग्रन्थहरू प्राप्त भएका छन् । ने. सं. १६७ को विष्णुधर्म नामक ग्रन्थ जुन हाल

वीर पुस्तकालयमा राखीएको छ (पाल, १८८५, पृ. १२ ) । दशअवतारको चित्र अंकित ग्रन्थको गाता पनि प्राप्त छ । यी सवै प्रमाणले नेपालमा वैष्णवधर्मको विकासलाई प्रकाश पार्दछ ।

लिच्छवि कालदेखि प्रामाणिक रुपमा विकसित हुदै आएको वैष्णव धर्म मल्लकालीन समयमा अझ बढी लोकप्रिय हुँदै गयो । यो समयसम्म आइपुग्दा अन्य विभिन्न धर्महरू पनि देखिन थाले । वौद्धधर्म विशेष लोकप्रिय भएपनि वैष्णवधर्मको विकास र आस्थामा भने कमी आएको देखिंदैन । मध्यकालीन राजाहरू प्रतापमल्ल तथा सिद्धिनरसिंह मल्लले वैष्णवधर्ममा दिएको योगदान विशेष महत्वपूर्ण छ । पाटनका राजा सिद्धिनरसिंह मल्लले २१ गजूरयुक्त कृष्ण मन्दिर बनाएका थिए । त्यसका साथै उनले भगवान् विष्णु प्रति आस्था राखी कार्तिकनाच चलाएका थिए (क्षेत्री र रायमाझि, २०६०, पृ. २७५, २७६) । जुन पछि श्रीनिवास मल्ल र योगनरेन्द्र मल्लले यसलाई निरन्तरता दिए । कान्तिपुरका राजा प्रताप मल्ल वैष्णवधर्मका अनुयायी थिए भन्ने कुरा उनले राख्न लगायका मूर्तिहरूबाट थाहा हुन्छ । उनले कान्तिपुर दरवारको अगाडी हनुमान स्थापना गरी गुन्पो दरवार नामले चिनिने कान्तिपुर दरवार पछी हनुमानढोका दरवारले चिनियो (क्षेत्री र रायमाझि, २०६०, पृ. ३००) । हनुमानढोका दरवारभित्र पालद्वारा छैठौं शताब्दिको मानिएको कालीयदमनको मूर्ति अन्तबाट ल्याइ त्यहा राख्न लगाएका थिए ।, त्यस्तै जलाशयन नारायणको ठूलो मूर्ति जुन हनुमानढोका दरवारकै भण्डारखाल बगैंचामा राखीएको छ त्यो पनि प्रपाप मल्लकै देन हो (क्षेत्री र रायमाझि, २०६०, पृ. ३००) । यसका साथै मल्लकालीन राजाहरू विभिन्न वैष्णव तीर्थस्थलमा गई दानधर्मका कार्य गर्दथे । कान्तिपुरका राजा भुपालेन्द्र मल्ल र उनकी आमा राजमाता ऋद्धिलक्ष्मीले चाँगुनारायणमा कोटीहोम गरी चाँगुनारायणको जिर्णोद्धार ने.सं. ८१४ मा पुरागरेका थिए (खनाल, २०४०, पृ. ४३) ।

मल्लकालीन समयमा वैष्णव लगायत अन्य मठ-मन्दिरमा गई जग्गा गुठी राख्ने काम भैरहेको पाइन्छ । यी जग्गाको आयस्ताले मन्दिरको पर्व चलाउने काम हुने गरेको देखिन्छ । यसका साथै मल्लकालीन राजाहरू वैष्णवधर्मी थिए वा तत्कालीन समयमा वैष्णवधर्म लोकप्रिय थियो भन्ने अर्को प्रमाण राजामहाराजाले रचेका विभिन्न साहित्यिक कृति हुन् । मल्लकालीन समयमा रामायण, महाभारत जस्ता वैष्णव धर्मसंग सम्बन्धित ग्रन्थको रचना गर्नुका साथै ती रचनालाई नाटकमा प्रस्तुत गरी मनोरञ्जन समेत लिने गरेको पाइन्छ । लिच्छविकालदेखि हालसम्म बलेका मूर्तिको विषयवस्तु धार्मिक नै रहेको पाइन्छ । तत्कालीन कलाकारले भगवान्सँग सम्बन्धित मूर्ति नै बढी मात्रामा निर्माण गरेका छन् । जसबाट उनीहरूको धर्मप्रति आस्था स्पष्ट झल्किन्छ । लिच्छविकाल जस्तै मल्लकालमा पनि वैष्णवधर्मसँग सम्बन्धित लक्ष्मी, गरुड, विष्णु आदिका मूर्तिहरू निर्माण भएको पाइन्छ । काठमाडौं, ललितपुर र भक्तपुर दरवारमा राखीएका नरसिंहको मूर्तिले पनि वैष्णव धर्मलाइ पुष्टि गर्दछ । यसका साथै मल्लकालीन समयमा चित्रकला पनि विशेष लोकप्रिय कला हो । चित्रकलाको विषय धार्मिक लौकिक दुबै रहेका छन् । भक्तपुर तलेजु मन्दिरको चोकको भित्तामा मादल बजाइरहेको विष्णुको आकर्षक चित्र रहेको छ जसलाई विद्वानहरू १७ औं शताब्दि को मानेका छन् । पचपन्न झ्याले दरवारको भित्तेचित्रमा कृष्ण चरित्र नामक चित्र कोरिएको छ । यी विभिन्न प्रमाणले मल्लकालीन समयमा विविध धर्मको प्रभाव परेपनि वैष्णवधर्मको लोकप्रियतामा कुनै कमी नआएको स्पष्ट हुन्छ ।

नेपालमा लिच्छवि कालदेखिका लक्ष्मीका मूर्तिहरू पाइएका छन् जस्को उदाहरणको रुपमा राष्ट्रिय संग्रहालयको पद्महस्तलक्ष्मीको मूर्तिलाइ लिन सकिन्छ । यसवाट भगवान् विष्णु संगै अथवा अलग पनि लक्ष्मीको मूर्ति बनाउने चलन रहेको देखिन्छ । लक्ष्मीलाई वैष्णवधर्म सँगै पनि राख्न सकिन्छ । लिच्छविकाल हुदै मध्यकाल तथा शाहकालसम्म पनि वैष्णधर्म कायम रहेको देखिन्छ । शाहकालीन समयमा पनि वैष्णव मन्दिरहरूमा दान दिने, जिर्णोद्धार गर्ने, गठी राख्ने कार्य भई नै रहेको पाइन्छ । लिच्छविकालदेखि अस्तित्वमा रहेको चार नारायण इचंगु, विशंखु, शेषनारायण र चाँगुनारायणमा हरिवोधनी एकादशीका दिन मेला लाग्ने गर्दछ । एकादशीको दिन विष्णुको भक्ति र श्रद्धा गरी श्रद्धालुहरू व्रत बस्ने गर्दछन् । त्यस्तै कृष्ण जनमाष्टमीका दिन कृष्ण मन्दिर वा वैष्णव मन्दिरहरूमा भक्तजनहरूको भिड लाग्ने गर्दछ । साथै यो दिन कृष्णको भक्तिस्वरुप व्रत बस्ने गर्दछन् । हाल चलनचल्तीमा रहेका यी सम्पूर्ण परम्पराहरू धेरै पहिलेदेखि नै चल्दैआएको हुनुपर्दछ । शाहकालमा पनि यी परम्पराहरू कायम भएर आएकै कारण हालसम्म चलनचल्तीमा रह्यो त्यसैले शाहकालमा पनि वैष्णवधर्मको विकासलाइ औंल्याउन सकिन्छ । नेपालको तराइ क्षेत्रमा बसोवास गर्ने मैथली जातीहरूमा मिथिलाचि त्र लेख्ने परम्परा रहेको छ जुन परम्परा धेरै अघिदेखि नै चल्दै आएको अनुमान गर्न सकिन्छ । यी चित्रकलाको विषयवस्तु हिन्दु देवीदेवता नै हुने गर्दछ । जसमा उनीहरू कृष्ण चरित्र, राम आदिको चित्र बनाउने गर्दछन् ।

नेपालमा वैष्णवधर्मको सुरुवात कहिलेदेखि भयो यसको यकिन गर्नसक्ने प्रमाण प्राप्त नभएपनि नेपालको प्रामाणिक इतिहासको सुरुवात भएको स्थान चाँगुनारायण नै एक वैष्णव तीर्थस्थलमा पर्दछ । लिच्छविकालमा चाँगुनारायणको पशुपति जतिकै लोकप्रियता तथा उच्चस्थानमा रहेको थियो । लिच्छविकालदेखि नै चाँगुनारायण दानधर्म, गुठी राख्नेदेखि लिएर कोटीहोम गरिएका पनि प्रमाणहरू पाइन्छ ।

### २.२.१ वैष्णव धर्मको ऐतिहासिक तथा पुरातात्विक महत्व

हिन्दू त्रिविध (शैव, शाक्त र वैष्णव) धर्ममध्ये वैष्णव धर्म एउटा लोकप्रिय एवम् प्रभावकारी धर्म हो । वैदिक देवता विष्णु, दार्शनिक देवता नारायण र ऐतिहासिक देवता सात्वत एवम् वृष्णिनायक कृष्णको संयोजनको पारवर्ती विकसित रुप नै वैष्णव धर्म हो (अमात्य, २०४७, पृ. १) ।

भगवान् विष्णुलाई आफ्ना प्रधान इष्टदेव र परमात्माको रुपमा मान्ने भक्तहरूलाई वैष्णव र त्यस धर्मलाई वैष्णव धर्म भनिन्छ । वैष्णव धर्मावलम्वीहरूले भगवान् विष्णु र उनका अनेक रुप र अवतारका साथै विष्णुका सहस्रनामहरू अनुसार भक्तिभाव, भावना पूजा, अर्चना र उपासना गर्दछन् । वास्तवमा भक्तिभाव र अहिंसा को जगमाथि नै वैष्णव धर्म स्थापना भएको छ । वैष्णव धर्मको थालनी ताका सम्पूर्ण हिन्दू समाजमा सन्यास, कर्मकाण्ड र तप जस्ता तीनवटा कठिन मार्गहरू थिए । सन्यास मार्ग अपनाउनेले घर, परिवार, माया र ममता त्यग्नुपर्ने हुन्थ्यो । अर्कोतर्फ त्यगको मार्ग अपनाउँदा शारीरिक यातना सहन बाध्य हुनुपर्ने र तस्रो अति खर्चालु एवम् आर्थिक भार भएको मार्ग थियो । सातौं आठौं शताब्दिमा भारत वर्षमा बौद्ध र जैन धर्मको बाहुलता थियो । हिन्दू धर्म भने दिन प्रतिदिन महत्व

घट्दै गएको थियो । त्यसै समयमा शंकराचार्यले डगमगाइरहेको हिन्दू धर्मलाई दरिलो बनाउँदै अद्वैत वेदान्त सिद्धान्त प्रतिपादित गरे । उनको जीवनभर यसको खण्डन गर्ने आँट कसैको थिएन । उनको मृत्युपछि अद्वैत वेदान्तको खण्डन गर्ने आचार्य रामानुज नै हुन् । उनले विशिष्टाद्वैत प्रतिपादन गरे जो वेदान्त साहित्यहरूमा अद्वैत वेदान्तपछिको महत्वपूर्ण दर्शन मानिएको छ ।

### २.३ भक्तपुरमा वैष्णव धर्म र त्यससँग सम्बन्धित स्मारकहरू

पुरातात्विक स्रोतहरूको आधारमा लिच्छवी कालदेखि नै भक्तपुर वैष्णव धर्मको केन्द्रको रूपमा विकास भैसकेको देखिन्छ । राजा मानदेवको चाँगुनारयणमा रहेको गरुडस्तम्भ अभिलेखवाट चाँगुनारयण्को मन्दिर उनी भन्दा धेरै पहिले नै भैसकेको थाहापाइन्छ (वज्राचार्य, २०३०, पृ. ११-१४) । भक्तपुरमा स्तथापना गरिएका विभिन्न वैष्ण मन्दिरहरु जस्तै चाँगुनारायण, वाकुपति नारायण, मत्स्य नारायण, लक्ष्मी नारायण, वासुदेव कमलजा, रामन्दिर परिसर, तिलमाधव नारायण आदि वैष्णव मन्दिरहरुवाट यस स्थानमा वैष्णव धर्मको विकास लिच्छवी कालदेखि हुदै आएको पाइन्छ ।

### २.४ तिलमाधव नारायण मन्दिरको परिचय

तिलमाधव नारायण मन्दिरको नामकरण र मन्दिरको निर्माण पक्षकोबारेमा अनुसन्धानबाट पाइएका केही स्रोतहरूको आधारमा चर्चा गर्नु उपयुक्त देखिन्छ ।

भाषा वंशावलीका आधारमा धर्मदत्त नामका व्यापारीले एक दिन मकरसंक्रान्तिका बेला तिल बेच्दा जतिसुकै तिल बेचेपनि तिल नसकिएको र के भनि हेर्दा नारायणको मूर्ति उत्पति भएको हुनाले यसै स्थानमा स्थापना गरी तिलमाधवको नामले प्रसिद्ध भई मकर संक्रान्तिका बेला पूजा गरे मनोकामना पूर्ण हुने विश्वास व्यक्त गरिएको छ (पौडेल, २०२०, पृ. १४) । यस वंशावलीमा कुनैपनि तिथि मिति भने दिएको पाइदैन । भक्तपुरमा प्रचलित लोकोक्तिमा पनि यो नारायणलाई तिलको रासमा उत्पति भएका नारायण वा तिलमाधव नारायण भन्ने प्रचलन रहेको छ । त्यसैगरि तिलमाधवमा नायकदेवीले मण्डप, धारा आदि बनाएको उल्लेख पाइन्छ (बज्राचार्य र मल्ल, १९८५, पृ. ८३) ।

तिलमाधव नारायण मन्दिरमा प्राप्त पूर्वमध्यकालको अभिलेखमा राजा आनन्ददेवको पालामा रामुनिका नाति पुण्यात्माका छोरा शंकरले आफ्नी पत्नी तेजलक्ष्मीसँगै ने.सं. २८३ मा विष्णुको मूर्ति स्थापना गरेको उल्लेख पाइन्छ (बज्राचार्य, २०६८, पृ. ९४) । गोपालराज वंशावलीमा राजा आनन्ददेवले भक्तपुरमा त्रिपुरसहितको राजधानीको प्रतिष्ठा गरेको कुरा परेको छ (बज्राचार्य र मल्ल, १९८५, पृ. ८१) यस विवरण बाट आनन्ददेवको पालामा भक्तपुरमा त्रिपुरराजदरवार बनाई त्यसैलाइ राजधानी बनाइ राज्य चलाएको देखिन्छ । यसवेला नै भक्तपुरको विकास भएको थियो ।

### २.५ मूर्त र अमूर्त सम्पदा

मूर्त भन्नाले भौतिक रूपमा स्थापित रहेका वस्तुहरू हुन । यस्ता वस्तुहरू चल र अचल दुवै किसिमका हुन्छन् जुन भौतिक रूपमा हुने हुनाले यसको स्पर्स र प्रयोग गर्न सकिन्छ । अमूर्त भन्नाले अभौतिक

रूपमा स्थापित मानिसहरूको आस्था, अभिव्यक्ति, कला आदि हुन । अमूर्त भनेको नै मूर्त नभएको भन्ने हुन्छ । जसलाइ स्पर्स गर्न नसकिएपनि महसुस गर्न सकिन्छ । यस अन्तर्गत कथा, आस्था, परम्परा, ज्ञान, भाषा आदि पर्दछन् । मानिसले आफ्नो विशिष्ट ज्ञान र शिपको माध्यमबाट सृजना गरी बनाएका सम्पूर्ण मूर्त र अमूर्त कुराहरू नै सम्पदा हुन । हाम्रा पुर्खाहरूले आर्जन गरेका यस्ता साँस्कृतिक सम्पदाहरू जुन एक पुस्ताबाट अर्कोमा पुस्तान्तरण हुन्छ र समाजले त्यसलाई स्वीकार गरी निरन्तर गतिशिलरुपमा चलाएमान गर्दै ल्याएको सम्पदा नै साँस्कृतिक सम्पदा हो । जस्तै साँस्कृतिक सम्पदाहरूमा मठ-मन्दिरका वास्तुकला मूर्त संस्कृति हो भने भगवानको पूजा आराधना अमूर्त संस्कृति हो ।

तेस्रो दोस्रो अनुच्छेद

तिलमाधव नारायण मन्दिरका मूर्त सम्पदा

## ३.१ तिलमाधव नारायण मन्दिरको वास्तुकलाको अध्ययन

नेपालका छानेशैलीको मन्दिर वास्तुकलालाई पश्चिमी विद्वानहरूले प्यागोडा शैली भनी नामांकरण गरेको पाइन्छ । तर यी मन्दिरलाई छाने शैलीको मन्दिर वा परम्परागत नेपाली शैली भन्नु नै उपयुक्त हुन्छ । प्यागोडे शब्द पूर्तगाली प्यागोडाबाट वन्न गएको हो । मूति विशेष राखीने ठाउँलाई प्यागोडा भनिन्छ (मोरिस, १९७९, पृ. ९४२) । नेपाली छाने मन्दिर वास्तुकलाको मुख्य विशेषता भनेका स्थानीय मौलिक निर्माण सामग्री ईट्टा, माटो, काठ आदिको प्रयोग गर्नु लगायत मन्दिरको छानाहरू क्रमश : माथितिर सानो हुँदै जानु र ती ४०$^\circ$ को कोणमा ढल्किएर रहनु हो । यस्ता ढल्किएका छानाहरू अड्याउन विशेष किसिमको कलत्मक काठका टेकोहरू ठड्याइएका हुन्छन जसलाई टुँडाल भनिन्छ । विभिन्न कलापुर्ण टुँडालहरूको प्रयोग, दोहोरो भित्ताको प्रयोग, मन्दिरका विभिन्न अङ्गहरूमा समृद्ध काष्ठकलाको प्रदर्शन आदि हुनु हो । नेपाली वास्तुकलाको विकासको कुरा गर्दा काठमाडौं लगायत नेपालका विभिन्न क्षेत्रहरूमा मानव वस्ती विस्तार भएबाटै शुरु भएको मान्न सकिन्छ । नेपाली वास्तुकला अन्तर्गत आवासीय भवनहरू, मठ-मन्दिरहरू, राजदरवारहरू, पाटी, पौवा, ढुङ्गेधारा, जलद्रोणी, चैत्य, स्तुप, विहारहरू पर्दछन ।

नेपाली मन्दिर वास्तुकलालाई अध्ययनका निम्ति निम्न चार भागमा विभाजन गरिएको छ । ती हुन् (१) तल्लेशैली (२) शिखरशैली (३) गुम्बजशैली र (४) मिश्रितशैली । तल्लेशैलीका मन्दिरहरूलाई विशुद्ध नेपाली शैलीका मन्दिर अथवा नेपाली छाने शैलीका मन्दिर भनिन्छ।

डी. आर. रेग्मीले नेपालमा भएका तल्लेशैलीका मन्दिरहरूलाई विदेशी शब्द प्रयोग भएको प्यागोडा भन्नुको सट्टा नेपालको आफ्नै तल्लेशैली भन्नु उपयुक्त हुने विचार व्यक्त गर्नुभएको छ (Regmi, 1966, p.871) । मनवज्र वज्राचार्यले हावाको झोंकावाट एवम् हिमपातबाट जोगाउन हिमाली धुपी वृक्षको अनुकरणमा यो शैलीको विकास नेपाली भूभागमा नै भएको चर्चा गर्नुभएको छ ( वज्राचार्य, मि.न., पृ. २२३-२२७) । तारानन्द मिश्रले वंशावली र अभिलेखहरूमा मन्दिरकोलागि देवकुल, देगल, गन्धकुट आदि संज्ञा दिएको तर कतै पनि प्यागोडा शब्दको उल्लेख नभएकोले प्यागोडा शब्द नेपाली मन्दिरको शैलीकालागि विदेशीहरूले दिएको भ्रामक नाम भन्नुभएको छ (मिश्र, २०२९, पृ. १८) ।

नेपालमा नेपाली छानेशैली लोकप्रिय भएकाले र यस्ता वास्तुकला अन्यन्त्र नभएको हुनाले यसलाई यही उत्पति भएको कला भन्न सकिन्छ । नेपाली छानेशैलीको व्यापकता नेपालमा खास गरेर काठमाडौं उपत्यकामा प्रशस्त देखिन्छ । पशुपति मन्दिर, चाँगुनारायण मन्दिर, भक्तपुरको पाँचछाने मन्दिर, पनौतीको इन्द्रेश्वर मन्दिर, वनेपा चण्डेश्वरी मन्दिर आदि नेपाली छानेशैलीका मन्दिरका केही उदाहरणहरू हुन् ।

लिच्छविकालमा यो शैली लोकप्रिय भइसकेको कुरा विभिन्न ऐतिहासिक प्रमाणहरूबाट थाहा पाउन सकिन्छ । काठमाडौं आएका चीनीयाँ यात्री वाङ युञ्चेले यहाँका मन्दिरहरूबारे टिप्पणी गर्दै धेरै तल्ला र आकाशचुम्बी भनी उल्लेख गरेका छन् । वाङ युञ्चेले नरेन्द्रदेवको दरवारको वर्णन गर्दा पनि प्यागोडा शैलीको भनी वर्णन गरेको झल्को पाइन्छ (रेग्मी, २०२६, पृ. ४५१) ।

लिच्छविकालको मन्दिर वास्तुकलाको उल्लेख गर्ने प्रथम अभिलेख राजा मानदेवको संवत् ३८९ को तिलगंगाको विष्णुविक्रान्त म"तिको पादपीठ अभिलेख हो । उक्त अभिलेखमा *"लक्ष्मीवत् भवनाद्"* शब्दको उल्लेख गरिएको देखिन्छ । जसलाई लक्ष्मी जस्तो भवन भनी उल्लेख गरेको पाइन्छ (दाहाल र खतिवडा, २०५५, पृ. ११२) । अंशुवर्माको पाटन सुन्धाराको संवत् ३४ को अभिलेखले माटिङग्रामको मन्दिरको ईट्टा काठका ढोका र खापा नष्ट भएर तिनको जिर्णोद्धार गरिएको उल्लेख छ (वज्राचार्य, २०३०, पृ. ३४०) । यस विवरणले अंशुवर्माको समयसम्ममा तल्लेशैलीका मन्दिरहरू निर्माणमा हुन थालेको संकेत गर्दछ । त्यसैगरी अंशुवर्माको समयमा नेपालमा रहेको साततल्ले भव्य दरवारको विवरण चीनीयाँयात्रीहरूले दिएबाट पनि त्यसबखत तल्लेशैलीका मन्दिरहरू निर्माण हुन थालेको संकेत गर्दछ (Banarji, 1980, p.75) ।

नेपालमा लिच्छविकालमा नै तल्लेशैलीका मन्दिर निर्माण गरिएतापनि हालसम्म त्यसताका मान्न सकिने कुनै प्रमाणहरू प्राप्त भएका छैनन् । पशुपति प्राङ्गणमा रहेको एक सानो ब्रम्हाको प्रस्तर मन्दिरलाई हालसम्म प्राप्त सर्वप्राचीन मन्दिर मानिएको छ (दाहाल र खतिवडा, २०५५, पृ. ११३) ।

तल्लेशैलीका मन्दिरहरूको अस्तित्व काठमाडौं उपत्यकामा ईश्वी संवत्को शुरुदेखि नै रहेको संकेत मिल्दछ । हालसम्म नेपालमा तल्लेशैलीको सबभन्दा पुरानो मन्दिर कहिले बन्यो भन्ने सम्बन्धमा किम्बदन्तीमा नै भरपर्नुपर्ने हुन्छ तथापि नेपालमा पशुपति मन्दिरलाई तल्लेशैलीको एउटा राम्रो नमुनाको रुपमा लिन सकिन्छ (Korn, 1979, p.66)।

नेपालमा प्राचीन कालका वास्तुकला अन्तर्गत घर मन्दिरहरूको मौलिक आकृतिलाई विचार गर्दा त्यसवेलाको हावापानीसँग केही सम्बन्ध रहेको पाइन्छ । हिमाली भेगमा उम्रिने धुपी जातका विरुवाहरूको आकृति पूर्णतया त्यस ठाउँको हावापानी अनुकुल रहेको हुन्छ । रुखहरू झांगिदै माथि टुप्पामा पुग्दा सानो हुँदै गएकोले यसको अलग्ग स्वरुप हुन्छ । यस किसिमको रुखमा हिउँ जमेर वोझ हुन पाउँदैन । हाँगाहरू भाँचिने डर पनि हुँदैन । नेपालमा भएका परम्परागत घर तथा मन्दिरको वाह्य आकृति पनि प्रायः धुपीकै बोटको आकृतिमा उभिएको पाइन्छ ।

यो भिरालो किसिमको हुने हुँदा घरका छानामा हिउँ जम्न पाउँदैन । उसबाट हावको ठूलो बेगले घर मन्दिरमा ठक्कर खान र त्यस हावाको वेगले ढाल्न नसकोस् भनेर क्रमशः तल ठूलो भै कलात्मक अनुपातमा मन्दिर तल्लैपिच्छे माथि सानो हुदै गएका हुन्छन् (Banarji, 1980, p.81) ।

प्रारम्भिक युगमा तल्लेशैलीका मन्दिरहरू साधा थिए, तिनमा धेरै अलंघकरणको प्रयोग गरिएको थिएन । त्यस्ता मन्दिरहरूको आकार धेरै ठूलो हुँदैनथ्यो । कालान्तरको विकासक्रममा देवता माथि आकाशमा वा स्वर्गमा बस्दछन् भन्ने भावनाले तथा देवता वस्ने घर मानवको भन्दा ठूलो हुनुपर्दछ भन्ने सोचाईबाट मन्दिरहरू अग्ला अग्ला बनाउदै लगिए । राज्यको तर्फबाट राजा महाराजाहरूले एवम् भक्तजनहरूले समेत मन्दिरहरू अलंकरण गर्न थालेकाले तल्लेशैलीका मन्दिरहरूमा विशिष्टता आउन थालेको देखिन्छ । नेपालमा प्राचीनकालका तल्लेशैलीका मन्दिरहरूको उदाहरण नपाइएतापनि मध्यकालका भने थुप्रै उदाहरणहरू प्राप्त छन् । नेपालमा मध्यकालीन मन्दिरहरू अत्यधिक मात्रामा भएकाले नै कर्कपेट्रिकले नेपालको बर्णन गर्दा "जति घर त्यति मन्दिर" भनी उल्लेख गरेका छन् ।

तल्ले शैलीका मन्दिरहरूको विश्लेषणबाट मन्दिरको निर्माणका लागि आधारभूत नियमहरू रहेका छन् । तर कुनैपनि मन्दिर निर्माणमा पूर्णरुपले त्यसको पालना भएको पाइदैन (Korn, 1979, p.84) । तल्लेशैलीका मन्दिरहरूमा अनेक किसिमका अलंकृत आकृतिहरू निकालिएको हुँदा तल्लेशैलीका मन्दिरहरू विविध किसिमका विशेषताहरूले भरिपूर्ण देखिन्छन् । तल्लेशैलीमा निर्मित तिलमाधव नारायणको मन्दिरको प्रमुख वास्तुकलाका विशेषताहरू निम्नानुसार प्रस्तुत गरिएका छन् ।

### ३.१.२ मन्दिरको पेटी

तल्लेशैलीका मन्दिरहरू अधिकांस रुपमा काठमाडौं उपत्यकामा धेरै र अन्यत्र नगण्य अवस्थामा रहेका छन् । यस्ता मन्दिरहरूको मूल ढाँचा काठको प्रयोग गरी ईट्टा र माटोको सहयोगबाट निर्माण गरिएको देखिन्छ । यी मन्दिरहरूको वाह्य संरचनाहरू कुनै वर्गाकार र कुनै आयातकार रुपमा देखिन्छन् । तल्लेशैलीका मन्दिरको निर्माण गर्दा आधार पेटीमाथि तह तह परेको पेटी निर्माण गर्ने चलन छ । यस्ता मन्दिरहरूमा जतिवटा छाना हुन्छन् त्यति नै वटा पेटी बनाउने चलन चलेको भएतापनि यो नियम सबैठाउँमा लागु भएको पाइदैन (Banarji, 1980, p.78)।

प्रायः मन्दिरहरूको छाना र पेटीको संख्या बरावर हुने देखिए तापनि सबै मन्दिरहरुमा यो सिद्धान्त प्रयोग भएको पाइदैन । तिलमाधव नारायण मन्दिर एउटा पेटीमाथि दुईछाने मन्दिर निर्माण गरिएको छ । पेटी निर्माण गर्नु भनेको मन्दिर वास्तुकलालाई बलियो बनाई सौन्दर्यता थप्नु हो । यो मन्दिर वर्गाकार छ भने पेटीलाई नै वाह्य प्रदक्षिणा पथको रुपमा प्रयोग गरिएको छ र सो पेटीमा चढ्नका लागि तीन खुड्किला रहेका छन् ।

### ३.१.३ प्रदक्षिणा पथ

प्रत्यक मन्दिरमा मन्दिरको परिक्रमा गर्न भक्तजनहरूलाई सुविधाकालागि प्रदक्षिणा पथ राखीएको हुन्छ । यो एकोहोरो वा दोहोरो दुवै हुन सक्छ । तिलमाधव नारायण मन्दिरको वाहिरी भित्तामा मन्दिरको प्रदक्षिणा गर्न प्रदक्षिणा पथ रहेको छ जसको चारैतिर वत्ती बाल्ने पालाहरू राखीएबाट मन्दिरको शोभा बढ्न गएको देखिन्छ । यसरी वत्ती बाल्न मूल मन्दिरको वरिपरि पाला राख्ने परम्परा नेपाली मन्दिर वास्तुकलाको एउटा विशेषता हो ।

### ३.१.४ ढोका

मन्दिरका विभिन्न किसिमका कलात्मक अंगहरू मध्ये ढोका पनि एक हो । मन्दिरमा प्रयोग गरिएका ढोकाको महत्व एकातिर भक्तजनहरूको आवतजावतको सुविधासँग छ भने अर्कोतिर गर्भगृह भित्ररहेको देवीदेवताको सुरक्षासँग रहेको हुन्छ । पश्चिमाभिमुख तिलमाधव नारायण मन्दिरमा गर्भगृह रहेको स्थानको पश्चिमपट्टी सो मन्दिरको एकमात्र मूल प्रवेशद्वार रहेको छ । काष्ठनिर्मित बुट्टेदार सुक्ष्म कलाकारितायुक्त ढोकामा सुनको मोलम्बायुक्त धातुको पाताले मोरेको पाइन्छ (चित्र नं. ८) ।

यस ढोकाकको माथिल्लो भागमा ढोकाको माथि बिमको वीचमा दुई नागकन्या र त्यसवीच कमलमसनमा तीनवटा नागको फनाले रक्षित पलेटी मारेर बसेको चारवाहुमा शंख, चक्र, गदा पद्म लिएको विष्णुको मूर्ति रहेको छ । यस ढोकाकको पखेटाको माथिल्लो भागमा दायाँ बायाँ विद्याधर, गोहिमाथि गंगा, नागकन्या लगायत देवी देवता, जनावर आदिका आकृति र फूल बुट्टासमेत कुँदेको छ भने तल्लो भागमा दायाँ नरसिंह र वायाँ त्रिविक्रम वामनको मूर्ति अंकित छन् । यहाँ रहेको नरसिंहको यो मूर्ति पुरानहरूकै आधारमा निर्माण गरिएको देखिन्छ । टाउको सिंहको र शरिर मानवको रहेको नरसिंहले हिरण्यकश्यपुलाई काखमा राखी नङ्गले छाती चिरेको देखाइएको छ । यहाँ नरसिंहको चार वाहुहरू रहेका छन जसमध्ये माथिल्लो दुइ हतमा एउटा अभय मुद्रामा र एकमा चक्र लिएको छ भने अर्को दुई हातले हिरण्यकश्यपुको छाती चिरिरहेको दृष्य देखाइएको छ । त्यसैगरी विष्णुविक्रान्तको म’’तिमा विष्णुको एक पाइला माथि आकाशतिर र अर्को पाइला तल पातालतिर राखेका छन । चारवाहुयुक्त विष्णुका हातहरूमा शंख, चक्र, गदा र पद्म लिएको देखाइएको छ । यसकिसिमले तिलमाधव नारायण मन्दिरको यो ढोका गरगहना जस्तै ज्यादै कलात्मक र सुन्दर छ ।

### ३.१.५ दलिन

मन्दिरका विभिन्न कलात्मक पक्षहरूमध्ये दलिन पनि एक हो । तिलमाधव नारायण मन्दिरको दलिनहरू मन्दिरको भित्ताको बाहिरी भागमा निकाली विभिन्न जीवजन्तुका चुच्चे मखाकृतिहरू बनाइएको छ जसलाइ धलिंख्वा पनि भन्ने गरिन्छ । यसको प्रयोगले मन्दिरको सौन्दर्य बढाउन थप मद्दत पुगेको पाइन्छ ।

### ३.१.६ तोरण

मन्दिर, विहार, चैत्य, स्तुप र अन्य आवाशहरूमा ढोका वा झ्यालको माथिल्लो भागमा राखीएको अर्धगोलाकार, त्रिकोण आकारको वस्तुलाई तोरण भनिन्छ । यस्ता तोरणहरू एकातिर मन्दिरको आकर्षणको लागि राखीन्छ भने अर्कोतिर कुनै भक्त मन्दिरमा पुग्दा मन्दिर बन्द रहेको अवस्थामा उसले देवी वा देवताको दर्शन नगरि फर्कन नपरोस् भनि ढोकामाथि तोरण राखीएको हुन्छ । किनकि तोरणको विच भागमा मन्दिरको मूल देवी वा देवताको आकृति कुँदिएको हुन्छ । तोरणको मूल देवीदेवताका वरिपरि अन्य सहायक देवीदेवताका आकृति एवम् देवीदेवताका आयुधहरू, गोहि, आकाश, फूलबुट्टा, लहरा, पात, गङ्गा, यमुना, सूर्य, चन्द्र, मकर, कछुवा, अप्सरा, विद्याधर, गणेश, कार्तिकेय, सिंह, नन्दि

लगायत गरुड, छेपु आदि बनाउने चलन पाइन्छ । यस बाहेक कतिपय तोरणहरूमा कलशमा बसेको मानवआकृति र माथिपट्टि गरुडले सर्पलाई निल्न लागेको आकृति छेपु बनाइएको हुन्छ । तोरणका मूल देवताका वरिपरि अन्य ससाना देवीदेवताका आकृति एवम् देवीदेवताका आयुधहरू, गोही, आकाश, फूलबुट्टा, लहरा, पात, गरुड, छेपु, गंगा, जमुना, सूर्य, चन्द्र, कछुवा, अप्सरा, विद्याधर, गणेश, कुमार, सिंह, नन्दि लगायत शिव र ब्रम्हा आदि समेत बनाउने चलन पाइन्छ । यसबाहेक कतिपय तोरणहरूमा कलशमा बसेको मानवआकृति र माथिपट्टि गरुडले सर्पलाई निल्नलागेको आकृति छेपु बनाइएको हुन्छ ।

पश्चिमाभिमुख तिलमाधव नारायण मन्दिरको गर्भगृह प्रवेश गर्ने मूलद्धारको माथि भएको तोरणमा मूल देवता लगभग ४०-५० बर्ष पहिले नै चोरी भैसकेको हुनाले तोरणमा कस्तो आकृति थियो थाहा पाउन सकिएको छैन (चित्र नं. २)। तर हालसालै भएको पुनः निर्माणमा भने तोरणको मूल देवताको रुपमा सोह्र वाहुयुक्त नन्दिमाथि नृत्य मुद्रामा नाचिरहेको शिवको आकृति राखीएको छ जवकि यस तोरणमा माथि दायाँपट्टि नन्दिमै बसेका अर्को शिवको आकृति रहेको छ (चित्र नं. ३) । मुख्य देवताको माथिपट्टि भने गरुडआशन चार बाहु भएका विष्णुको आकृति पनि थपिएको छ । तोरणको सबैभन्दा माथिल्लो भागमा गजुर बनाइएको छ जसको तल दुई छेउमा दाँया बाँया सूर्य र चन्द्रमाको आकृति बनाइएको छ जसमा सूर्यको मूर्ति पनि चोरीभैसकेको मा हाल नयाँ थपिएको छ  भने यसैको तल दुई छेउमा विद्याधरहरू र नागकन्याहरू एक एक जोडि रहेका छन् । बीचका दुई किनारको दाँया कमलाशनमा नन्दिमाथि बसेका चार वाहुयुक्त मुकुट लगाएका जुँगा भएका शिवको आकृति छ भने बाँया कमलाशनमा हाँसमाथि बसेका चारवाहु तीन शिर भएका ब्रम्हाको आकृति रहेको छ । तोरणको सवैभन्दा तल्लो किनारका दुवैपट्टि मकराकृति रहेका छन् जसको मुखवाट खड्ग लिएका मानवआकृति उभिएका छन् । यसैगरी मूलदेवता रहेको भागको दायाँ बायाँ बाध्यबादन र ध्यान गरिरहेका मूर्तिहरू एवम् गणेश र कुमारका मूर्तिहरू छन् । गणेशको मूर्ति पनि चोरी भैसकेकोमा हाल नयाँ राखीएको छ । यसप्रकार तोरणमा फूलमाला लिएका देवीहरू एवम् तोरणको चारैतिर किनारमा अलंकरण गरिएकबाट यो तोरण ज्यादै आकर्षक देखिन्छ ।

### ३.१.७ गर्भगृह

तल्लेशैलीका मन्दिरहरूमा विशेष प्रकारको गर्भगृह निर्माण गर्ने परम्परा छ । यस्ता गर्भगृह कतै आधार माथि नै र कतै पेटीमाथि निर्माण गरिएको पाइन्छ भने कतै मन्दिरको माथिल्लो तल्लामा निर्माण गरिएको पाइन्छ । तल्लेशैलीका मन्दिरको वरिपरि परिक्रमा गर्न प्रदक्षिणा पथको व्यवस्था गरिएको हुन्छ । यस्तो पथ गाह्रोभित्रबाट र वाहिरबाट पनि छाडिएको हुन्छ । गर्भगृहको स्वरुप, आकार र स्थानले तल्लेशैली मन्दिर बनावटको निर्धारण गर्दछ जो निम्नानुसार छन् :

(१) वर्गाकार वा आयाताकार कोठा जसको तीनतिर खुल्ला हुन्छ । यसमा विशेषगरि भित्तामा गणेशको स्थापना गरिन्छ ।

(२) एउटामात्र द्धार भएको वर्गाकार वा आयाताकार कोण हुन्छ । यसमा भित्तामा विशेष गरी नारायणको मूर्ति राखीएको हुन्छ ।

(३) वर्गाकार कोठाको चारैतिर ढोका हुन्छ । यस्तो कोठाको बीचमा प्रायजसो शिवलिङ्ग राखीएको हुन्छ ।

(४) चारैतिर खुल्ला भएको वर्गाकार कोठा र त्यसभित्रको भित्तामा चारैतिर ढोकाहरू हुन्छन् । जहाँ विशेषगरि शिवलिङ्ग राखीएको हुन्छ ।

(५) एउटामात्र प्रवेशद्धार भएको आयाताकार वा वर्गाकार कोठाको चारैतिर खम्बाहरू छाना अड्याउन राखीएका हुन्छन् र गर्भगृहको भित्तामा अड्याएर देवी, गणेशको मूर्ति राखीएको हुन्छ ।

(६) गर्भगृहमा प्रमुख देवीदेवता स्थापना गरिएको हुन्छ । यस किसिमको गर्भगृहमा चारैतिर चार ढोकाहरू हुन्छन् र सबैभन्दा बाहिरी भागमा समान दुरीमा रहनेगरी खम्बाहरू निर्माण गरिएको हुन्छ ।

(७) यसप्रकारका मन्दिरहरू अरु मन्दिर भन्दा भिन्न किसिमका हुन्छन् । तल्लो तल्ला खुल्ला हुन्छ र त्यसको ठीक एक तल्लामाथि भिमसेन, भैरव र तान्त्रिक देवी देवताहरूलाई स्थापना गरिएको हुन्छ ।

(८) तीन वा चार तल्ला भएको कुनै पुराना दरवार वा भवनमाथि गर्भगृह स्थापना गरिएको हुन्छ । यस्तो वर्गाकार गर्भगृह भएको स्थानमा चारैतिर प्रवेशद्धार हुन्छ । यसको उदाहरणको लागि हनुमानढोकाको हनुमान मन्दिरलाई लिन सकिन्छ (Korn, 1979, p.68-72) ।

तिलमाधव नारायण मन्दिर वास्तुकलाका दृष्टिकोणले सुन्दर देखिएको छ । तिलमाधव नारायणलाई वैष्णव देवताका रुपमा स्थापना गरिएको हुनाले गर्भगृहमा विष्णुको म”ति स्थापित छ । विष्णुको प्रतिमा अष्टभुजी, चर्तुभुजी वा द्धिभुजी बनाउनुपर्ने, श्रीवत्स तथा कौस्तुभ मणिले वक्षस्थल शोभायमान हुनुपर्ने, पीताम्बर धारण गर्ने विष्णुको मुखमण्डल प्रसन्न हुनुपर्ने, कुण्डल, किरिट मुकुट पहिरिएका, विष्णुको दायाँ चार हातमा खड्ग, गदा, वाण तथा चौथो हात अभय मुद्रामा तथा बायाँ चार हातमा धनुष, ढाल, चक्र तथा शङ्ख हुने । चार हातयुक्त मूर्ति भएमा वरद मुद्रा, गदा, शङ्ख र चक्र, द्धिभुजी भएमा अभय मुद्रा र शङ्ख धारण गरेको हुनुपर्ने उल्लेख गर्दै ऐश्वर्य चाहने पुरुषले यस्ता प्रतिमा लक्षणयुक्त विष्णुको मूर्ति बनाउनुपर्ने कुरा बृहत संहितामा उल्लेख छ (खनाल, २०७५, पृ. ७०) । मनसार शिल्पशास्त्रले विष्णुको एउटै शिर हुने, उनको शिरोभूषण स्वरुप किरिट मुकुट रही, श्यामवर्णी, चतुर्भुजी तथा पीताम्बरधारी हुने उल्लेख गरेको छ । विष्णुको वक्षस्थलमा श्रीवत्स विभूषित हुने, जङ्गली फूलहरूबाट गुथेर तथार पारिएको वनमाला तथा अनेकौं आवरणहरूले सुसज्जित हुने । विष्णुले हातमा पद्म, गदा, चक्र र पाञ्चजन्य शङ्ख धारण गरेको हुने तथा यिनको शिरपछाडि शीर्षचक्र रही साथमा लक्ष्मी तथा भुदेवी रहने बताएको छ (खनाल, २०७५, पृ. ७२) ।

तिलमाधव नारायण मन्दिरको गर्भगृहमा सर्प च्यापिरहेको ठुलो छेपु आकृतिलाई आवरणको रुपमा राखी गर्भगृहको बीचमा सिंहासनमाथि  धातुको पाताले मोरेको क्षेपु भएको तोरण र दशावतारका मूर्तिहरू अंकित आवरण सहितको प्रस्तर विष्णु मूर्ति रहेको छ जसको दायाँ वायाँ लक्ष्मी र सरस्वतिका

धातुका प्रतिमाहरू रहेका छन् (चित्र नं. ४) जुन वि.सं २०७५ सालतिर मात्र थपिएको देखिन्छ । गर्भगृहको मुख्य म”ति चारवाहुमा दाया माथिल्लो हात भने भाँचिएको अवस्थामा छ भने दायाँ तल्लो हात वरद मुद्रामा रहेको छ । त्यसै गरि वायाँ दुइ वाहुहरूमा गदा र पद्म लिएको छ । स्थानिय लोकोक्ति अनुशार परापुर्वकालमा नेपाल मा वाह्य आक्रमण हुँदा रक्षाका निमित्त तिलमाधव नारायणको स्तुति गर्दा तिलमाधव नारायण प्रकट भई आफ्नो दाया माथिल्लो हाल स्वयमले अलग्याइ त्यसबाट अरिङ्गाल उत्पति गराइ शत्रुहरूलाईहराएको जनस्रुति चलिआएको छ , तर यस भनाइ वास्तविकत्ता भन्दा परको कुरा भएको हुनाले दुर्घटनावश यस तिलमाधव नारायणको हात टुक्रा भएको म”ति हेर्दा थाहा पाइन्छ । गर्भगृहमा अन्य विष्णु, लक्ष्मी, गरुड मूर्ति लगायत शिवलिङ्ग, धातुको शंख एवम् हातहतियारहरू आदि रहेका छन् ।

## ३.१.८ टुँडाल

घर, मठ-मन्दिर, विहार, दरवार आदिको अथवा तल्लेशैलीका मन्दिरको भिरालो छानाको टुप्पोलाई आधार दिन वा बोझ थाम्न छानाको कूनादेखि भित्तासम्म ४५$^\circ$ को कोणमा तेर्साएर राखीएको काष्ठ फलकलाई टुँडाल भनिन्छ । नेवारी भाषामा टुँडाललाई त्वनसिं भनिन्छ । यसको अर्थ मानिसको खुट्टाको नली हाड जस्तो काठ भन्ने बुझिन्छ । मन्दिरमा प्रयोग हुने टुँडालहरू चारकुनाको र अरु विचको गरी मूख्य दुई प्रकारका पाइन्छन् । मन्दिर वास्तुकलामा छाना थेग्न चारकुनाका कुँशल ठुला आकारका तथा विशेष प्रकारका जनावरहरूको समायोजित आकृतिहरू अङ्कित टुँडाल प्रयोग गर्ने प्रचलन रहेको छ । यस्ता समायोजित स्वरुपलाई शार्दुल, वोसल, व्याल कुँशल आदि भनिन्छ । यसका अतिरिक्त मन्दिरकै चारसूरमा स्थापित टुँडाललाई सिंहशार्दुल, अजरापुरुष र महानाग पनि भनिन्छ (वज्राचार्य, मि. न., पृ. ५२१) । त्यसैगरी एक पौराणिक कथाअनुसार भगवान् शिवले नरसिंह अवतारलाई समन गर्न शरभरुप महापशुको अवतार लिएका थिए । नरसिंहको उग्र क्रोध र भयावह रुपको समन गर्न लिएको यो अवतार शिवको भैरव रुप मानिन्छ र सुख र शान्तिदाताका रुपमा मन्दिरमा चित्रित परम्परा रहँदै आएको छ (कोइराला, २०५२, पृ. ४३१) । कुँशलको धेरै बोझ थाम्नका लागि प्रयोग गरिने हुनाले यस्को बनावट अन्य टुँडालभन्दा बलियो गरी बनाईएको हुन्छ ।

दुई छाने शैलीमा निर्मित यस तिलमाधव नारायण मन्दिरको काष्ठकलाको अर्को उत्कृष्ट नमूना यहाँ प्रयोग भएका टुँडालहरू हुन् । यस मन्दिरमा जम्मा बतीस वटा टुँडालहरू रहेका छन् । यस मन्दिरको पहिलो तल्लामा चारैतिर चार-चार वटा गरी सोह्रवटा टुँडालहरू प्रयोग गरिएका छन् भने चारकोणमा चारवटा कुँशलको प्रयोग गरी पहिलो तल्लामा जम्मा बीसवटा टुँडालको प्रयोग गरिएको छ । पहिलो तल्लाको चारैतिर बीचका दुइ-दुइ वटा टुडालहरूमा शंख, चक्र, गदा र पद्म लिएका गरुडमाथि स्थानक मुद्रामा चारबाहु विष्णुको मूर्ति बनाइएको छ (चित्र नं. ९) भने चारैतिरका किनारका दुइ-दुइ वटा टुडालहरूमा कछुवामाथि खुट्टा क्रस गरि स्थानक मुद्रामा चारवाहु भएकी यमुनाका मूर्तिहरू रहेका छन् ।

त्यसैगरी मन्दिरको दोस्रो तल्लामा चारैतिर दुई-दुई वटा गरी आठवटा टुँडाल र चारकुनामा चारवटा कुशल गरी जम्मा बाह्रवटा टुँडालहरू प्रयोग गरिएका छन् । जसमा चारैतिर राधा र कृष्णका मूर्तिहरू बनाइएका छन् जसको तल्लो भागमा कामकलायुक्त आकृतिहरू रहेका छन् । यस मन्दिरका टुँडालहरूमा भएका आकृतिहरूलाई तीन भागमा विभाजन गरेर हेर्न सकिन्छ । टुँडालको शिरोभागमा पुष्पयुक्त बुट्टाहरू देखिन्छन् । फूलबुट्टाको मुनि विष्णुका सौम्य स्वरुपमा विभिन्न आयुधहरू लिएका मूर्तिहरू रहेका छन् । टुँडालको तल्लो भागमा लौकिक जीवनसँग सम्बन्धित विभिन्न ऋषिहरू तपस्या गरिरहेको र गरुडहरूको चित्रण लगायत कामकलाका नमुनाहरू उत्कीर्ण गरिएको छ ।

यस मन्दिरका टुँडालहरूमा काष्ठकलाको उत्कृष्ट नमूनाका साथै भगवान् नारायण र लक्ष्मीका मूर्तिहरू रहेका छन् । त्यसैगरी लौकिक जीवनसँग सम्बन्धित एवम् कामकलाका नमुनाहरू समेत यस मन्दिरमा देख्न सकिन्छ ।

### ३.१.९ झ्याल

तल्लेशैलीका मन्दिरहरूको विशेषताको रुपमा झ्यालहरू महत्वपूर्ण रहेका छन् । मन्दिरमा प्रयोग भएका झ्यालहरू सौन्दर्यको दृष्टिकोणले महत्वपूर्ण मानिन्छन् । यस बाहेक झ्यालहरू साँस्कृतिक तथा भौगोलिक रुपले पनि झ्यालको धेरै उपयोगिता र महत्व रहेको छ । संस्कृत भाषाको जाल शब्द विकृत भई झ्याल शब्द बनिएको हो भन्ने भनाई छ । तल्लेशैलीको मन्दिरमा प्रयोग गरिएका झ्याललाई विद्वानहरूले सिंगल विण्डो, मल्टि विण्डो र साँझ्या गरी तीन भागमा बाँडेका छन् । यस मन्दिरमा प्रयोजित झ्यालहरूलाई सिंगल विण्डो अन्तर्गत राख्न सकिन्छ । गर्भगृहको माथिल्लो दुवै तल्लामा चारैदिशाका भित्ताहरूमा खापा नभएका खोल्न नमिल्ने शोभाकालागि मात्र निर्माण गरिएको एक एक वटा गरी आठवटा गःझ्यालहरू रहेका छन् (श्रेष्ठ, २०७०, पृ. ७१) (चित्र नं.१०)। यी सबै झ्यालहरू विभिन्न कलात्मक बुट्टाहरूले सुसज्जित छन् ।

### ३.१.१० मन्दिरको छाना

धेरैजसो मन्दिरहरूमा सबैभन्दा माथिल्लो छानमाथि चुच्चे गजूरहरूको स्थापना गरिएको हुन्छ । धेरै मन्दिरहरूमा सुनको र कुनैमा तामामा सुनको मोलम्बा लगाइएकृ हुन्छ । कहिं काठका र ढुँगाका पनि हुन्छन् । यी गजुरहरूलाई सुनका नागहरू, सूर्यविम्ब, चन्द्रविम्ब आदि आकार भएका ढाँचाहरूले घेरा दिएर सिँगारेको हुन्छ (वज्राचार्य, २०३३, पृ. ४-६) । तल्लेशैलीका मन्दिरहरूमा छानामाथि मन्दिरका प्रमुख देवताको आयुध स्थापना गर्ने परम्परा पनि रहेको पाइन्छ । तल्ले शैलीका मन्दिरहरूमा छानामाथि मन्दिरका मुख्य देवताका आयुधहरू पनि स्थापना गर्ने गरिन्छ । तिलमाधव नारायण मन्दिरको छाना वरीपरी ध्वजा पताकाहरू झुण्डाइएका छन् । मन्दिरमा प्रयोग गरिएका यस्ता ससाना आंगिक विशेषताहरूले मन्दिरलाई मूर्तरुप दिएर सुन्दर तुल्याएको छ । तिलमाधव नारायण मन्दिरमा अनुश्रुति अनुशार धेरैकाल पहिले मन्दिरका सबै छानाहरू झिंगतिका नै बनेका थिए तर एक समयताका एकजना

सियो ब्यपारीले सियोको ब्यापार गरेबाट धेरै नाफा कमाउन सफल भएपछि यस मन्दिरको पहिलो तल्लाको पश्चिमी छाना एउटामा धातुको पाटामा सुनको मोलम्बा लगाइदिएको भनाइ रहेको छ । तिलमाधव नारायण मन्दिरमा भने पुननिर्माण गर्नु (वि.सं २०७७) अघि पहिलो तल्लाको पश्चिमी छानामा मात्र सुनको मोलम्बा लगाएको थियो भने बाकि छानाहरूमा झिंगतिका ईट्टाले छाएको थियो । तर हाल पुननिर्माण पछि भने सबै छानाहरूमा तामाको छानाले छाइ सुनको जलप लगाइएको छ । छानाको किनारामा वरिपरी जालीदार धातुको पटाको सजाइएको छ । छानाको माथि छानालाई थिच्न चारकुनामा र वीचमा छाना जोडिएको भागमा मानव मुखाकृति सहितको  अलंकरण गरिएको छ जसले गर्दा मन्दिरको छाना थप कलात्मक देखिएको छ ।

### ३.१.११ गजूर

धेरैजसो मन्दिरहरूमा सबैभन्दा माथिल्लो छानमाथि चुच्चे गजूरहरूको स्थापना गरिएको हुन्छ । धेरै मन्दिरहरूमा सुनको र कुनैमा तामामा सुनको मोलम्बा लगाइएका हुन्छ । कहिं काठका र ढुँगाका पनि हुन्छन् । यी गजुरहरूलाई सुनका नागहरू, सूर्यविम्ब, चन्द्रविम्ब आदि आकार भएका ढाँचाहरूले घेरा दिएर सिँगारेको हुन्छ (वज्राचार्य, २०३३, पृ. ४-६) । मन्दिरको सबैभन्दा माथिल्लो भागमा स्थापना गरिने गजुर घोप्ट्याइएको घण्टाको आकृतिमा बनाउने चलन छ । यस मन्दिरमा आसनमाथि सुनको जलपयुक्त गजुरको प्रयोग गरिएको छ भने गजुरदेखि पहिलो छानासम्म लत्रिने गरी ध्वाजापटाका लत्राइएको छ  जसको पुच्छारमा नागको फनाहरूले रक्षित चारवाहुमा आयुधहरू लिएको स्थानक विष्णुको मूर्ति बनाएको छ । यसरी मन्दिरमा प्रयोग भएका कलाकृतिहरूले मन्दिरको गौरवलाइ बढाउनुका साथै भक्तहरूको आस्था र विश्वासको केन्द्रको रुपमा मन्दिर स्थापना भएको ज्ञात हुन्छ ।

## ३.२ तिलमाधव नारायण मन्दिर प्राङ्गणमा भएका कला तथा वास्तुकलाहरू

### ३.२.१ गरुड

भगवान् विष्णुका वाहनको रुपमा गरुडलाई लिने गरेको पाइन्छ । गरुड एक पौराणिक पन्छि हो । पुराणहरूमा वर्णन् गरेअनुसार गरुड विनिता र ऋषि कश्यपका सन्तान हुन् । विभिन्न पुराणहरूमा गरुडको उल्लेख भएको देखिन्छ । पुराणमा विष्णुको सहायकको रुपमा गरुडको उल्लेख गरिएको छ ( पौड्याल, २०५७, पृ. ४२) । हिन्दुधर्मका विभिन्न पुराणहरूमा पन्छिराज गरुडलाई बलमा सर्वश्रेष्ठ देखाउनुका साथै बौद्धिक स्तरमा पनि निकै उच्च देखाइएको छ (पौड्याल, २०६२, पृ. १५८) ।

गरुडलाई विष्णुको साथमा, एकल रुपमा बसिरहेको वा उडिरहेको अवस्थामा मूर्ति तथा चित्रमा देखाइएको हुन्छ । गरुडलाइ मूर्तिमा देखाउँदा अञ्जली मुद्रमा देखाइएको हुन्छ । विभिन्न प्रतिमा शास्त्रहरूमा गरुडको मूर्ति निर्माणबारे उल्लेख गरिएका छन् । गरुडको दुई, चार वा आठवटा हात हुने, चरामुख नङग्रा र शरिर मानवको बनाउने नियम प्रतिमा लक्षणमा उल्लेख छन् (पौड्याल, २०५७, पृ.

४४) । गरुड मूर्ति धातु तथा प्रस्तरमा बढी मात्रामा पाइएका छन् । वैष्णवधर्म सँग सम्बन्धित हस्तलिखित ग्रन्थ र पटचित्रहरूमा विष्णु र लक्ष्मीलाई बोकेर उडिरहेको देखाइएको पाइन्छ (पौड्याल, २०५७, पृ. ४५) ।

नेपालमा प्राप्त गरुड मूर्तिहरू धेरैजसो भगवान् विष्णुसंगै देखाइएका छन् । भगवान् विष्णुका विभिन्न अवतारका मूर्तिहरूमा पनि गरुडलाई स्थान दिइएको छ। चाँगुनारायण मन्दिर अगाडीको गरुड, दत्तात्रय मन्दिर अगाडीको गरुड आदि गरुड मूर्तिका उदाहरणहरू हुन् । तिलमाधवनारायण मन्दिरको अगाडी पूर्वाभिमुख भई रहेको अभिलेख रहेको प्रस्तर स्तम्भ माथि कमलासनमा एउटा घुँडा टेकि अञ्जली बाँधी नीकै भक्तिभाव मुद्रामा सानो भएपनि निकै आकर्षक गरुड राखीएको छ (चित्र नं. ६) । हृष्टपुष्ट सुगठित शरिर भएका यस गरुडको कपालमा जुरो बनाइ त्यसलाई दुइवटा सर्पले बाँडेको छ । कानमा ठुला-ठुला कुण्डलहरू, पाखुरामा र हातमा सर्पकै केयुर लगाइएको छ भने सर्पकै जनै लगाईएको छ । राम्रो मुखाकृति, चुच्चो नाक, पातलो ओठ र साथै जुँगा समेत यस गरुडमा देखाईएको छ ।

विष्णुका वाहन गरुड जसरी विष्णुका भक्त छन्, त्यसैगरी विष्णुको भक्ति गरिरहन पाउँ भन्ने कामनाले गरुडध्वज स्थापना गर्ने चलन उहिलेदेखि चलेको हुनाले गरुडको आकृति कुँड्न लगाउँदा त्यसमा आफ्नो आकृति उतार्न लाउने प्रथा पनि थियो (वज्राचार्य, २०६८, पृ. ९५) । उदाहरणार्थ चाँगुनारायणको गरुडध्वजको गरुड, हाँडिगाउँ आदिनारायण स्थानको गरुडध्वजका गरुड आदिलाई औंल्याउन सकिन्छ । हुनपनि गरडको रुपमा विष्णुको सेवा गर्नपाऊँ भन्ने भावनाले गरुडध्वज राखीने हुनाले उक्त कुरा स्वभाविक पनि छ । यस अभिलेखमा पनि गरुडध्वज राख्नाको उद्देश्य विष्णुको सेवा गरेर रहन पाऊँ भन्ने रहेको थियो भन्ने कुरा यहाँ *श्रीगरुडस्य उच्चैः पदं सम्प्राप्तुं श्रीपतिमाधवस्य अर्च्या विहिता* भनि लेखिएको हुदाँ स्पष्ट हुन्छ (वज्राचार्य, २०६८, पृ. ९५) । यस गरुडलाई हरेक वर्षको भाद्र कृष्णपक्ष द्धादशीका दिन पञ्चमृतले अभिषेक गराई पुजागर्ने प्रचलन रहिआएको छ ।

भगवान् विष्णुको वाहनका रुपमा रहेका गरुड लिच्छविकाल देखि हालसम्म पनि उत्तिकै लोकप्रिय आध्यात्मिक पक्षीका रुपमा रहेका छन् । पछिल्ला समयमा आइपुग्दा  गरुडका मूर्तिहरू पाषणमा वाहेक अन्य विभिन्न माध्यमहरू धतु एवम् काठहरूमा पनि निर्माण गर्न थालिएको पाइन्छ ।

### ३.२.२ भूमण्डल (अमृत मन्थनको दृष्य)

भूमण्डल भनिएको यस गरुड नारायणको स्तम्भले अमृत मन्थनको दृष्यलाई इङ्गित गर्दछ । यहाँ यस स्तम्भलाई सुमेरु पर्वतको प्रतीकमा राखीएको देखिन्छ । यस भूमण्डलमा सबैभन्दा तल्लो भागमा कुर्मको आकृति र त्यसको माथि बासुकि नागको आकृति रहेको छ । स्तम्भको तल्लो पश्चिम पाटामा अठाह्रौं शताब्दिताका चार वाहुमा शंख, चक्र, गदा र पद्म लिएको र कुममा पृथ्वीको प्रतिकको रुपमा सानो नारीलाइ उद्धार गरिरहेको बराहको म”ति रहेको छ । यसैगरी स्तम्भको माथिल्लो भागमा पुर्णरुपमा फक्रिएको कमलको आकृति बनाइएको छ र तीन तहमा छत्रावली जस्तै छानाको प्रयोग छ जसको सबैभन्दा माथिल्लो छानामाथि गजुरको प्रयोग गरिएको छ । जसमा क्रमशः  तल्लो भागमा

दीकपालहरूको समूह, द्वादश नारायणको समूह र सबैभन्दामाथि गरुडासन नारायणको मूर्ति रहेको छ ( चित्र नं.११)।

### क. अष्ट दिकपालहरूको समूह लगायत ब्रम्हा र विष्णु

तिलमाधव नारायण मन्दिर प्राङ्गणमा रहेको भुमण्डल मा विभिन्न दिकपालहरूको साथसाथै विष्णु र ब्रम्हाका मूर्तिहरू पनि रहेका छन् । यस स्तम्भको चारैतिर दिशा र आयुध मिलेका दिकपालहरूको आकृतिहरू कुँदिएको छ । पूर्व दिशामा हात्तिवाहन सहित इन्द्र, पश्चिममा मकर वाहन सहित वरुण, उत्तर दिशामा धनको पोका लिएको कुवेर, दक्षिणमा भैँसीमा आसिन यमराज रहेका छन् । त्यसैगरि स्तम्भको आग्नेय कोणमा सुरो लिएको अग्नि, नैऋत्यकोणमा मानव वाहनमाथि निऋति, वायव्यकोणमा ध्वजाधारी वायु र इशानकोणमा त्रिशुल र रुद्राक्षमाला लिएका इशानको आकृति निर्माण गरिएको छ ( चित्र नं. १२, १३, १४, १५, १८, १९, २०, २१) ।

दिकपालहरूको समुहमा नै उत्तर दिशामा हाँसमाथि आसिन तीन शिर भएका ब्रम्हाको प्रस्तर प्रतिमा रहेको छ, यसै मूर्तिको दायाँ स्तम्भको उत्तरपुर्व अर्थात इशानकोणमा गरुडमाथि आसिन शंख, चक्र, गदा र पद्म लिएको विष्णुको मूर्ति रहेको छ (चित्र नं.१६, १७ )।

### ख. द्वादश नारायण (चतुरविंसति मूर्तिहरू)

भगवान् विष्णुका शङ्ख, चक्र, गदा र पद्म चार आयुधलाई क्रमश : फरक-फरक पारी चार हातमा लिएमा उनको चतुर्वींसति स्वरुप बन्दछ । आयुध धारण गरेअनुरुप बन्ने विष्णुका विभिन्न चौबीस वीशति रुपहरू वासुदेव, केशव, नारायण, माधव, पुरुषोत्तम, अधोक्षज, संकर्षण, गोविन्द, विष्णु, मधुसूदन, अच्युत, उपेन्द्र, प्रद्युम्न, त्रिविक्रम, नरसिंह, जनार्दन, वामन, श्रीधर, अनिरुद्र, हृषिकेश, पद्मनाभ, दामोदर, हरि र कृष्ण हुन् । यी चौबीस स्वरुपहरू क्रमश : दाहिने तल्लो हातबाट घडिगत रुपमा गदा, शङ्ख, चक्र तथा पद्मलाई परिवर्तन गर्दा बन्ने कुरा रुपमण्डनमा यसरी उल्लेख गरेको छ (खनाल, २०७५, पृ. ८०) ।

विभिन्न मूर्तिहरू निर्माण गर्ने क्रममा विष्णुको चतुरविंसति मूर्ति निर्माण पनि पर्दछ । जसमा भगवान् विष्णुका आयुधहरूलाई क्रमशः घुमाउँदै जाँदा विष्णुका चौवीसवटा स्वरुप बन्दछन । यसप्रकारको मूर्तिहरूको समूह नै चतुरविंसति मूर्ति हुन् । नेपालमा भने नारायणका बाह्रवटा मूर्तिका समुहमा नै चतुरविंसतिमूर्ति देखाउने चलन रहेको छ (चित्र नं. २२) । उदाहरणका लागि पाटन इखाछेंटोलको आल्कोहिटिमा रहेको वासुदेवकमलजा मूर्तिको पृष्ठभूमिमा, बंगलामूखि मन्दिर परिसरमा लगायत अन्य ठाउँहरूमा यहि तिलमाधव प्रांगणमा जस्तै द्वादश विष्णुका मूर्ति कुँदिएका छन् ।

### ३.२.३ डबली र त्यसका मूर्तिहरू

मन्दिरको उत्तरको यस डबलीको माथि विभिन्न बेलबृक्ष एवम् तुलसीका बोटविरुवाहरू रहेका छन भने वीचमा एउटा सादा शिवलिङ्ग रहेको छ । डबलीको पूर्वी पाटामा बंगलामूखिको मूर्ति रहेको छ भने दक्षिणिमा लक्ष्मी र पश्चिममा दुर्गाको मूर्ति स्थापना गरिएको छ ।

### ३.२.४ मन्दिरको उत्तरी भित्ताका मूर्तिहरू

यस मन्दिरको उत्तरपाटामा जम्मा चारवटा मूर्तिहरू रहेका छन् र तल पेटीमा एउटा ढुँङ्गेधारा जलहरीको रुपमा रहेको छ । मूर्तिहरू क्रमशः पश्चिमबाट मयुरमा आरुढ दण्द लिएको सार्ह्रौं-सत्रौं शताब्दिताकाको कुमारको मूर्ति रहेको छ (चित्र नं. २६) (Slusser, 1981, f. 416) त्यस्तै धातुद्धारा निर्मित गणेश र राधाकृष्णको मूर्ति र मत्स्य अवतारको चारवाहुमा शंख, चक्र, गदा र पद्म लिएको विष्णु मूर्ति रहेको छ ।

### ३.२.५ मन्दिरको ईशाण कोणमा अवस्थित नवग्रहसहितको सूर्यको देवल

एक जोडि सिंह प्रवेशद्धारको दायाँ बायाँ रहेको पश्चिमाभिमुख एउटा देवल रहेको छ (चित्र नं. २३) । यस देवलको भित्र र बाहिर गरी जम्मा दशवटा मूर्तिहरू र सो देवलको प्रवेशद्वारको दायाँ एउटा अभिलेख र ठिक अगाडि एउटा ईनार रहेको छ । देवलको भित्र दक्षिण फर्केका मूर्तिहरू क्रमशः सानो गवाक्षमा गरुड स्थापित छन् । यसपछि क्रमश चारवाहुयुक्त दुई वटा विष्णु मूर्तिहरू रहेका छन् । यी मूर्तिहरूको वीचमा भएको बार्ह्रौं शताब्दिताकाको गरुड र लक्ष्मी सहितको विष्णु मूर्ति १९७० को दशकमा चोरी भैसकेको छ (Bandel, 1989, p. 128) । हाल यस स्थानमा सानो अर्को मूर्ति स्थापना गरिएको छ ।

नवग्रह भन्नाले सौर्यमण्डलअन्तर्गत रहेका सूर्यसहित सोम, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि, राहु र केतुजस्ता नौवटा ग्रहहरूको समूहलाई बुझाउँछ । वैदिक कालदेखि नै सूर्य तथा सोमजस्ता अन्य ग्रहहरू पुजिने गरेको पाइन्छ (खनाल, २०७५, पृ. २३९) । वैदिक अर्थात हिन्दूधर्मका अनेकौं देवताहरूमा नवग्रह पनि लिइएका छन् । ग्रहहरूको गतिमै प्राणी मात्रको हित अहित अवस्थित हुने विश्वासमै ग्रहहरूलाई देववत् पुजिने चलन चलेको हुनु धेरै सम्भव छ । सात ग्रहको एक स्थानमा रहंदा हुने उपद्रवको संकेत उपमाको रुपमा प्रथम शताब्दिका महाकवि अश्वघोषले आफ्नो रचना बुद्धचरितम्मा प्रस्तुत गरेका थिए जसले ग्रहपुजा यहाँ किन प्रचलित भयो भन्ने कुराको झझल्को दिएको छ (जोशी, २०२९, पृ. ३७) ।  प्राचीन नेपाल) । वैदिक समय देखिनै ग्रहहरूवारे ज्ञान मानिसहरूलाई थियो । वेदमा स’’र्यको स्तुतिका साथ अन्य ग्रहहरूको पनि स्तुति गरिएको छ । वैदिक ग्रन्थहरूको अतिरिक्त महाभारत, रामायण, मार्कण्डेय पुराण, विष्णुपुराण, भविष्यपुराण, ब्रम्हपुराण, अग्निपुराण, गरुडपुराण, सौरसंहिता तथा साम्बउपपुराणहरूका साथै अभिलेख तथा ग्रन्थहरूमा सूर्यसम्बन्धि वर्णण उल्लेख्य छन् ( जोशी, २०२९, पृ. ३७ ) ।  नेपालमा विभिन्न समयमा नवग्रहहरूको मूर्ति निर्माण हुँदै आइरहेका छन् जसमध्य भक्तपुरको तिलमाधव नारायण मन्दिर प्राङ्गणमा रहेको नवग्रह सहितको सूर्य मूर्ति पनि एक

महत्वपुर्ण मूर्तिको रुपमा रहेको छ (चित्र नं. २५) । जुन मूर्ति पश्चिम तर्फ फर्केको छत्र र नवग्रहसहितको सूर्यको स्थानक मूर्ति रहेको छ जसलाई चौधौं शताब्दिको मानिएको छ (Bandel, 1989, p. 339)।

यसैको बायाँ एउटा मूर्ति रहेको छ । यहि क्रममा मन्दिरको प्रवेशद्धारको बायाँ पश्चिम फर्केको चौधौं शताब्दिताकाको विष्णुको सुन्दर मूर्ति रहेको छ (Bandel, 1989, p. 340) । यस देवलको बाहिरी दक्षिण भित्तामा दक्षिण फर्केको तीनवटा मूर्तिहरू रहेका छन् जसमा क्रमश विष्णु, तारा र लक्ष्मीनारायणका मूर्तिहरू रहेका छन् ।

### ३.२.६ मूलमन्दिरको पश्चिम तर्फका स्मारक तथा कलाकृतिहरू

तिलमाधव नारायण मन्दिरको मूलद्धार ठिक अगाडि एकजोडि प्रस्तर सिंह र एकजोडि प्रस्तर स्तम्भमा सुनको मोलम्बायुक्त धातुको शंख र चक्र राखीएका छन् । चक्र रहेको स्तम्भ सँगै एउटा कलात्मक घण्ट पनि रहेको छ जुन विहानको नित्य पूजामा र बेलुकिको आरतीमा बजाउने गरिन्छ । मूलद्धारको सिधै अगाडि जलहरी सहितको गरुडस्तम्भ रहेको छ जसलाइ स्थानीयहरूले तिलका व्यापारीको रुपमा पनि लिएको पाइन्छ । यसैको पूर्वमा भुईमा सादा शिलाखण्ड रहेको छ जुसलाई तिलको थुप्रो जम्मा गरेको स्थानको रुपमा संकेत गरिएको छ । मूल मन्दिर पश्चिमाभिमुख भएकाले यसतर्फ प्राङ्गण अलि फराकिले छ । यहाँ एउटा यज्ञकुण्ड रहेको छ जसमा मन्दिरका विभिन्न धार्मिक कार्य गर्दा यज्ञयज्ञादीहरू गरिन्छ ।

### ३.२.७ सत्तल

नेपाली वास्तुकलाको एउटा पक्षमा लौकिक वास्तुकलालाई लिइन्छ । जसमा पाटी, पौवाहरू, धर्मशालाहरू, ढुङ्गेधाराहरू, सत्तलहरू, जलद्रोणी आदि पर्दछन् । यस्ता स्थानहरू धार्मिक महत्वसँग जोडिएका क्रियाकलापहरू भक्तजन, साधु, सन्त-महन्त, यात्रीहरू आदिको सेवा गरेर पुण्य कमाउने उद्देश्यबाट निर्माण गरिएका हुन्छन् ।

यो सत्तल तिलमाधव नारायण मन्दिरको ठिक अगाडि पूर्वाभिमूख भएर रहेको छ । उत्तर दक्षिण लम्बाईमा रहेको यस सत्तलको भई तल्लामा कृष्णको मूर्ति राखीएको छ भने बाकि ठाउँमा भजनकिर्तनका निम्ति खालि राखीएको छ । माथिल्लो तल्लामा भने हाल खालि नै राखीएको छ । यसै सत्तलमा कृष्णको साने खत पनि राखीएको छ जुन कृष्ण जन्माष्टमीमा कृष्णको नगर परिक्रमा गर्न प्रयोग गरिन्छ । ईट्टा, माटो र काठको प्रयोगद्धारा निर्मित यो सत्तल धार्मिकर साँस्कृतिक प्रयोजनको लागि निर्माण गरिएको देखिन्छ ।

### ३.२.८ तिलमाधव नारायण मन्दिरको वायव्यकोणकमा रहेका शिव मन्दिर

मन्दिर प्राङ्गणमा रहेको अर्कोकलाकृति यो शिव मन्दिर पनि हो (चित्र नं. २७) । यो मूल मन्दिरको वायव्य कोणमा अवस्थित एक तहको पेटी माथि चार खम्बा र भित्ताको रुपमा काठकै आँखिझ्यालको गाह्रोले बारेको सुन्दर अलंकृत तवरले निर्मित यो दवेलमा पुननिर्माण अघि झिंगटीको छाना छाएको मा हाल पुननिर्माण पछि भने तामाको छानाले छाएको देखिन्छ । देवलको गजुर भने पुरानैशैलीको स्वर्ण जलपयुक्त नै रहेको छ । साथै गजुरसँगै एउटा त्रिशुल पनि ठड्याइएको छ । यस देवलको गर्भगृहमा एउटा सादा प्रस्तरको शिवलिङ्ग रहेको छ भने हाल पुननिर्माण पछि स्थानीय ईश्वर हाडाले आफ्ना पिताको सम्झनामा पञ्चमुखि धातुको पाटाले मोरेको अभिलेख राखेका छन् । यस देवलको पेटीमा पश्चिम फर्केका एक जोडि गणेशका मूर्ति र भैरव मुखाकृति रहेका छन् ।

### ३.२.९ तिलमाधव नारायण मन्दिरको नैऋत्यकोणकमा रहेका कलाकृतिहरू

यस स्थानमा लोक भनाइ अनुशार पहिले एउटा सत्तल रहेको थाहा पाउन सकिन्छ । हाल यहाँ सत्तलको अवशेष मात्र बाँकि रहेको देख्न सकिन्छ । त्यसैगरी एउटा तुलसी मठ, प्रस्तर स्तम्भ अभिलेख र प्रस्तर स्तम्भमा कमलासनमा हनुमानको मूर्ति रहेको छ । मन्दिरको दक्षिणी बाहिरी भित्तामा त्रिदेवको शिलामूर्तिहरूको स्वरुपमा स्थापना गरिएको छ ।

चौठो दोस्रो अनुच्छेद

## ४.१ तिलमाधव नारायण मन्दिरसँग सम्वन्धित अमूर्त साँस्कृतिक सम्पदा

नेपाल क्षेत्रफलको आधारमा सानो देश भएपनि प्राकृतिक र साँस्कृतिक रुपले धेरै ठूलो रहेको छ। जातीय तथा भौगोलिक विविधताले भरिपूर्ण नेपालको हिमालदेखि तराईसम्म विभिन्न जातजातिहरूले बसोवास गर्दै आइरहेका छन् । यीनै जातजातिहरूका आफ्नै भेषभुषा, रितिरिवाज एवम् चाडपर्वहरू रहेका छन् । नेपालमा बसोवास गर्ने यिनै जातजातिहरूवाट नेपालको सँस्कृतिको निर्माण भएको छ । नेपालमा विभिन्न धर्म, जाति, समुदाय र स्थान अनुसार भिन्नाभिन्नै चाडपर्वहरू मनाउँछन् । यस्तै किसिमका विविधताले गर्दा नै विश्वको नेपामा ध्यानाकर्षण भएको देखिन्छ । नेपालमा सनातन धर्म, संस्कृति व्रत तथा चाडपर्वहरूलाई महत्व दिइएको पाइन्छ। यिनै किसिमका क्रियाकलापहरूको प्रभावले मानिसमा स्फुर्ति र प्रेरणा प्राप्त भई संस्कृतिको जगेर्णा हुदै आएको छ (सुवेदी, २०६३, पृ. ८) । हाम्रो देशमा हरेक दिन विभिन्न जातीय समूहका मानिसहरू कुनै धर्म, जाति अनुशारका चाडपर्वहरू मनाईरहेका हुन्छन् । यहाँ हिन्दू, बौद्ध, मुस्लिम, इशाई आदि धर्मावलम्वीहरूको छुट्टाछुट्टै सँस्कृति र चाडपर्वहरू भएतापनि यी सबैमा समन्वयता रहीआएको छ।

नेपालमा राष्ट्रिय, जातिगत, सामुदायिक, स्थानगत र धार्मिकचाडपर्व गरि चाडपर्वहरूलाई छुट्याउन सकिन्छ। राष्ट्रिय चाड अन्तर्गत देशैभरि मनाइने दशैं, तिहार, शिवरात्री, होली पुर्णिमा, माघे संक्रान्ति, मातातीर्थ औंसी, कुशेऔंसी आदि पर्वहरूलाई लिन सकिन्छ । यसैगरी नेवार जातिहरूले मनाउने पर्वहरूमा विस्का जात्रा,घण्टाकर्ण चतुर्थी, गाईजात्रा,ल गणेश चतुर्थी, सिठि नखाः आदि। थारुले मनाउने माघि, गुरुङ्ग, तामाङ्ग, किरातले मनाउने ल्होसार आदि । बौद्धधर्मावलम्वीहरूले मनाउने पञ्चदान, अष्टमी ब्रत, इशाइले मनाउने क्रिसमस, मुस्लिमले मनाउने इद आदिलाइ धार्मिकचाड अन्तर्गत राख्न सकिन्छ। त्यस्तै विभिन्न स्थानमा मनाइने चाडपर्व जस्तै काठमाडौंमा मनाइने इन्द्रजात्रा, भक्तपुरको विस्केट जात्रा, ललितपुरको मच्छेन्द्रनाथको रथजात्रा, तराइमा मनाइने छठपर्व आदि स्थानगत चाडपर्वहरूमा राख्न सकिन्छ।

नेपालमा मनाइने यी जात्रा पर्वको आफ्नै विशेषता र महत्व रहेको छ। नेपालको उत्तरमा चीन र पूर्व, पश्चिम र दक्षिणमा भारत रहेको छ । यी देशका सीमा जोडिएका स्थानहरूमा त्यस देशको पनि प्रभाव परेको हुन्छ। त्यस्तै एकै ठाउँमा बस्दा हरेक कुरामा एकअर्काको प्रभाव परेको नै हुन्छ। विभिन्न जातजातिका मानिसहरू एकै ठाउँमा वस्दा एकअर्काको संस्कृतिलाई अपनाएको धेरै उदाहरणहरू हाम्रोसामु रहेका छन्। जसको मुख्य उदाहरणको रुपमा तिजलाई लिन सकिन्छ। नेवार समुदायमा पनि तिजको ब्रत लिने प्रचलन सुरुभएबाट थाहा हुन्छ । नेपाल धार्मिकसहिष्णुताको देश हो । एकअर्काको धर्मप्रति सम्मान गर्ने प्रचलन प्राचीन कालदेखि नै थियो । लिच्छवि राजा अंशुवर्मा आफु शैवधर्मका

अनुयायी भएतापनि बैद्धधर्ममा पनि उनको त्यतिकै आस्था थियो । उनले त्यसताका बौद्धविहारहरूको सञ्चालनकालागि निश्चित रकम छुट्याइदिएका थिए (वज्राचार्य, २०३०, पृ. ३२३) ।

प्राचीन कालदेखि चल्दै आएको धार्मिकसहिष्णुता वर्तमानमा पनि कायम रहिरहेको छ । एकले अर्कोको धर्म तथा संस्कृतिलाई सम्मान गर्ने तथा एकअर्काको चाडपर्वहरू सँगै मनाउने क्रियाकलापहरूले नेपाली समाजलाई एकै सुत्रमा बाँधेको छ ।

सामान्य अर्थमा चाडपर्व भन्नाले धार्मिक तथा अन्य कुनै प्रकारको उत्सव, जात्रापर्व भन्ने बुझिन्छ (सापकोटा, २०६०, पृ. १) । मानव विकासक्रम संगै मानिसले आफुलाइ आवश्यक सामाग्रीको विकास गर्दै लगे । प्रागऐतिहासिक कालमा नै गुफा कला अन्तर्गत गुफामा चित्र कोरी आफ्नो मनको भाव व्यक्त गर्दथे । त्यतिबेलामा मानिसले आफुलाई चाहिने हातहतियारको आविष्कार गरी त्यसमा कलात्मक बुट्टा भर्ने गर्दथे । जंगली युगमा मानिसहरू सिकारबाट ल्याएका जीव जन्तुको हाड, विभिन्न जनावरहरूको टाउको लगाएर नाचेर  मनोरञ्जन लिने गर्दथे (खत्री, २०४६, पृ. ४७) । त्यतिबेलाका मानिसहरूमा पनि प्राकृतिक शक्तिको भय थियो । जसबाट जोगिन कुनै दैवी शक्तिको आराधना गर्न थाले । मानिसले आफ्नो विकास संगसंगै आफुलाई मनोरञ्जन गर्ने साधन तथा परम्पराको विकास गरेको पाइन्छ । ऋग्वेदकालीन समयमा नै मानिसहरू घोडा दौड, रथ दौड, नृत्य संगित आदिको आयोजन गर्दथे (सापकोटा, २०६०, पृ. २) । वैदिककालमा धर्ममा आस्था राखी विभिन्न पुजापाठ, यज्ञ आदिको सुरुवाट गरे । मूर्तिपुजा यसै समयको देन हो जसवाट नै पछि देव मन्दिरहरूको विकास भयो ।

नेपालमा चाडपर्वहरूको विकासलाई हेर्दा प्रामाणिक रुपमा लिच्छविकाल सम्म पुग्न सकिन्छ । लिच्छविकालीन अभिलेखहरूमा विभिन्न जात्रा, पर्व, उत्सवहरूको उल्लेख पाइन्छ । लिच्छवि वंश अगाडी नै गोपाल, महिषपाल र किरात वंशले शासन गरेका थिए । यो समयमा पनि आफू मनोरञ्जन गर्न तथा देवताको नाममा कुनै जात्रा उत्सव गरेको होला भनी अनुमान लगाउन सकिन्छ । लिच्छविकाल अघि शासनगर्ने किरातकालमा नै मनोरञ्जनको लागि भेडाहरू जुद्धाउने, प्राकृतिक वस्तुहरू ढुङ्गा, पिपल, स”र्य, आकाश आदिको पुजा गर्ने गर्दथे (सापकोटा, २०६०, पृ. २) । लिच्छविकालीन समाज धार्मिकसमाज थियो । यो समयमा विशेषगरी देवता प्रति ठूलो सम्मान रहेको थियो । लिच्छविकालीन राजाहरूले कैलाश यात्रा, द्धारोद्घाटन यात्रा, वराह यात्रा जस्ता पर्वहरूको थालनी गरेका थिए ( वज्राचार्य, २०३०, पृ. २७५,४८६) । त्यतिबेला नै गोयुद्ध, मल्ल युद्ध आदि उत्सवहरूबाट मनोरञ्जन लिने गर्दथे । लिच्छविकालमा धार्मिकरुपमा मात्र नभई सामाजिक रुपमा पनि उत्सवहरू मनाउने गर्दथे । त्यतिबेला कुनै युद्धमा विजय हासिल गरे विजय उत्सव मनाउने पनि गरिन्थ्यो । जस्तै मानदेवले तत्कालिन नेपालको पूर्व र पश्चिमका सामन्तहरूलाई कुटनितिक रुपमा र युद्धद्वारा विजय हासिल गरिसकेपछि चाँगुनारायणमा विजय स्तम्भ राखी विजयउत्सव मनाएका थिए (वज्राचार्य, २०३०, पृ. २७) । यसताका यस्ता उत्सव मनाउन शासकका साथसाथै जनताहरूको पनि उत्साहजनक सहभागिता हुने गर्दथ्यो ।

लिच्छविकालपछि सुरु भएको मध्यकालीन समयमा पनि समाजमा यस्ता मनोरञ्जन गर्ने साधनले स्थान पाएको देखिन्छ । नेपाल उपत्यकामा रहेको मल्ल शासकहरूका इष्टदेवीको रुपमा रहेको तुलजा भवानीलाई सिम्रौनगढ राज्यको पतन पछि रानी देवलदेवीले साथमै काठमाडौं उपत्यकामा ल्याई तलेजुभवानीको स्थापना गरेका थिए । पछि यो तलेजु भवानीको नाममा विभिन्न जात्रा पर्वहरू सञ्चालन हुदैआए । नेपालमो इतिहासमा मध्यकालीन समय विशेष महत्वपुर्ण छ । यस समयका शासकहरूले मठमन्दिरहरू निर्माण गरी त्यसै सँग सम्वन्धित विविध जात्रा पर्वहरू सञ्चालन गरेका थिए । मल्लकालीन राजाहरूले विभिन्न देवीदेवताका मूर्ति बनाइ त्यसमा पुजाआजा गर्ने, यज्ञ यज्ञादी गर्ने, नाटकहरू रच्ने र त्यस्ता नाटकहरूमा जनताहरूलाई पनि सहभागिता गराउने प्रचलनको सुरुवाट गरे (रेग्मि, २०५३, पृ. २०४) । मल्लकालीन राजाहरू कला साहित्य प्रेमी थिए, यिनिहरूले विविध साहित्य तथा नाटकको रचना गरी मञ्चन गराउन लगाउँथे । यस्ता किसिमका नाटकहरू मञ्चनको लागि दरबारका खुल्ला ठाउँहरूमा डबलीहरू बनाइएको हुन्थ्यो । यस किसिमका डबलीहरू विशेष गरी शासकहरू एवम् जनताहरूले सजिलोसँग हेर्नमिल्ने गरी बनाइएका हुन्थे । काठमाडौं उपत्यकाका तीनवटै शहरहरूमा रहेका मल्लकालीन दरबारक्षेत्रहरूमा यस्ता डबलीहरू बनाइएका छन् । काठमाडौं उपत्यका भित्र तथा नेवाः समुदायको बाक्लो वस्ती भएको उपत्यका बाहिरका शहर तथा गाउँहरूमा यस्ता डबली अझै दख्न सक्छौं (अमात्य, २०६८, पृ. १९७) । यहाँ धार्मिक कार्यदेखि नाटक मञ्चन गरी राजपरिवार तथा जनताहरूले मनोरञ्जन लिने गर्दथे । मध्यकालीन समयमा चलाइएका कतिपय विभिन्न जात्रा, पर्व तथा विभिन्न नाचहरू हाल पनि प्रचलनमा रहिरहेका छन् । मध्यकालीन समाज व्यवस्थित समाज थियो, कुनै जात्रा, पर्व सञ्चालन गर्न कसैलाई आर्थिक भार नपरोस् भनि त्यस्ता जात्रा, पर्व सञ्चालनका लागि विभिन्न गुठिहरूको व्यवस्था गरिदिएको पाइन्छ । जसले गर्दा नै कतिपय यी विभिन्न जात्रा, पर्वहरू हाल वर्तमान समयमा पनि जीवितै रहिरहेका छन् । मल्लकालीन सम यमा विभिन्न शासकहरूले विविध साँस्कृतिक परम्पराहरूको सुरुवाट गरेका थिए । पाटनमा राजा सिद्धिनरसिंह मल्लले कार्तिक नाच सुरु गराएका थिए, जुन हालसम्म पनि प्रचलनमा रहिरहेको छ । कान्तिपुरका राजा प्रताप मल्लले हरिसिद्धि नाचको प्रचलन सुरु गराए भने भक्तपुरमा भैरब भद्रकालीको विस्का जात्रा एवम् गाईजात्रा हालसम्म पनि प्रचलनमा रहिरहेका छन् ।

पृथ्वी नारायण शाहले काठमाडौं उपत्यकाको विजय गरेपछि आधुनिककालको सुरुवाट भयो । यस समयमा पनि शाह वंशका शासकहरूले धार्मिकतथा साँस्कृतिक परम्परालाइ निरन्तरता दिएको पाइन्छ । पृथ्वी नारायण शाहले इन्द्र जात्राको समयमा काठमाडौं विजय गरी इन्द्रजात्रा मनाउन दिएका थिए । उनले मल्लराज्य विजय गरेपनि मल्लकालमा प्रचलनमा रहेका परम्पराहरूलाई निरन्तरता दिइ लोप हुन दिएनन् । शाहकालीन समयमा पनि यस्ता परम्परा चलाउन विभिन्न गुठिहरू राखीदिने गरेको पाइन्छ । जसले गर्दा नै हाम्रा जात्रा, पर्वहरू हालसम्म पनि जीवितै रहिरहेका छन् ।

घर भन्दा मठ-मन्दिर धेरै, मान्छेहरू भन्दा देवी देवताहरू धेरै भएको शहरको रुपमा काठमाडौं उपत्यकाको पहिचान रहेको छ । नेपाली समाजमा प्रचलित धर्मले यहाँको समाजमा विशेष प्रभाव पारेको देखिन्छ । आफूले मान्ने धीर्मक देवी देवता तथा आफ्नो कुल देवताको नाममा पूजाआजा र

जात्रा, पर्वहरू सञ्चालन गरेका उदाहरणहरू हाम्रा सामु रहेका छन् । नेवार समुदायको वाहुल्य रहेको काठमाडौं उपत्यकाको काठमाडौं, भक्तपुर र ललितपुर शहरहरूमा विशेष रुपमा जात्रा, पर्वले नेवार समाजमा ठूलो प्रभाव पारेको छ । यी तीनवटै शहर भौगोलिक रुपमा नजिकै भएतापनि जात्रा, पर्वहरूको सम्बन्धमा आ-आफ्नै विशेषताहरूले भरिपुर्ण छन् । काठमाडौंको इन्द्रजात्रा र कुमारीको रथजात्रा भक्तपुर र ललितपुर शहरमा त्यति महत्वका साथ मनाइदैन । ललितपुमा मनाइने मच्छिन्द्रनाथको रथजात्रा र कार्तिक नाच काठमाडौं र भक्तपुरमा मनाइदैन । त्यस्तै गरी भक्तपुरमा विशेष रुपमा मनइने प्रसिद्ध विस्का जात्रा भक्तपुर शहरमा बाहेक अन्य दुइ शहरहरू काठमाडौं र ललितपुरमा मनाइदैन । भक्तपुर शहर साँस्कृतिक सम्पदाले भरिएको शहर हो, यहाँ मनाइने चाडपर्व तथा जात्रा उत्सवको छुट्टै विशेषता रहेको छ । भक्तपुरमा थुप्रै जात्रा, पर्वहरू मनाइने भएतापनि सबैभन्दा ठुलो जात्राको रुपमा विस्का जात्रा रहेको छ । यो जात्रा विक्रम सम्वत्को चैत्र मसान्त अर्थात वर्षको अन्तिम दिन भैरव भद्रकालीको रथ तानेर लिंगो उठाएर उत्सव मनाइन्छ (धौबन्जार, २०६५, पृ. १) ।

भक्तपुर जिल्लाअन्तर्गत पर्ने भक्तपुर नगरको यस तिलमाधा नारायण मन्दिरमा विभिन्न समयमा गरिने जात्रा, पर्व एवम् धार्मिक, सामाजिक र साँस्कृतिक  क्रियाकलापहरू अलग किसिमको भई तिनीहरूको यस क्षेत्रमा आफ्नो बेग्लै महत्व रहेको छ । पूर्वमध्यकालमा निर्मित यस तिलमाधव नारायण मन्दिरमा मनाइने जात्रा, पर्व एवम् धार्मीक, सामाजिक र साँस्कृतिक क्रियाकलापहरूको चर्चा यसप्रकार छन् ।

## ४.२ धार्मिक क्रियाकलापहरू

प्राचीन हिन्दूधर्म ग्रन्थहरूमा विभिन्न देवी देवताहरूको पूजाआजाका लागि विभिन्न उपचार विधिहरूको व्यवस्था गरिएको छ ।

### ४.२.१ नित्य पूजा

पूजा नभए मुर्तिको महत्व हुदैन भन्ने लोकोक्ति हुनाले मन्दिरको सजीवता र जीवन्तका लागि नित्य नैमितिक पूजा अनिवार्य मानिन्छ । सबैजसो मन्दिरहरूमा नित्य नैमित्तिक पूजा हुने गर्दछ । तिलमाधव नारायण मन्दिरमा भने राजोपाध्याय ब्राम्हणहरूले पूजाआजाका क्रियाकलापहरू सञ्चालन गर्दै आईरहेका छन् । यसैक्रममा हरेक वर्षको मकर संक्रन्तिमा तिलमाधव नारायणमा विशेष रुपमा पूजाआजा हुने गर्दछ भने दिनकै एकपटक शारीरिक र मानसिक रुपले शुद्ध भई पूजा गरिन्छ । मन्दिरमा विहानको पाँच बजेभित्र नित्यपूजा गरिसक्नुपर्दछ भने साँझको आरती घाम नडुब्दै गर्नुपर्दछ । कुनैकारण पुजारी आउन नसक्ने स्थिति भएमा पूजा आरतीको कार्य पूजारीका परिवारका कुनैपनि सदस्यले गर्नसक्दछन् ।

तिलमाधव नारायण मन्दिरमा नित्य पूजा गर्दा कसैलाई छुन नहुने र नबोलिकनै पूजा गर्नुपर्नुपर्दछ भने भक्तजनहरूले पनि नित्य पूजा गर्दै गरेका बेलामा पूजारीलाई नछोई नबोली बाहिरैबाट

दर्शन गर्ने र फलफूल चढाउने गर्छन् । नित्य पूजाको लागि अविर, जौ, तिल, चामल, धुप, वत्ती, फलफूल आदि सामग्रीहरूको आवश्यक्ता पर्दछ । नित्य पूजाको क्रममा राजोपाध्याय ब्राम्हणद्धारा सर्वप्रथम तिलमाधव नारायणलाई स्नान गराई वस्त्रआभुषण पहिराई पूजा गरिन्छ । त्यसपछि भक्तजनहरूलाई जल दिईन्छ ।

### ४.२.२ साँझको आरती

तिलमाधव नारायण मन्दिरमा साँझको आरती गर्दा सूर्य नअस्ताउँदैको बेलामा गरिन्छ । नित्य पूजा गरेका पूजारीले नै चोखोभई साँझको आरती गर्नुपर्दछ । आरतीका सामग्रीहरू पुजारी आफैले व्यवस्था मिलाउछन् । आरतीको लागि काँचो धागोको शुद्ध बत्तीलाई ढलौटको र तामाको दियोमा तोरीको तेलमा भिजाएर बाल्ने गरिन्छ । आरती गर्दा मन्दिरमा रहेका ठूला साना सबै घण्टहरू लगायत पुजारीले राखेको घण्टी पनि बजाइन्छ ।

### ४.२.३ पर्वपूजा

तिथिमिति र पर्व विशेषको महत्वको कारण यस मन्दिरमा विभिन्न कार्यहरू सम्पन्न हुने गर्दछन् । यस्ता पर्व विशेष महत्वको कारणले हुने हुनाले यस्ता पूजालाई पर्वपूजा भनिन्छ । यी पर्वपूजाहरू मन्दिरको नित्य पूजा सम्पन्न गरिसकेपछि गरिन्छन् । मन्दिरमा सम्पन्न गरिने यस्ता पर्वपूजाहरू तिलमाधव नारायणलाई प्रमुख मानेर गरिने पर्वपूजा र मन्दिर प्राङ्गणमा भएमा अन्य देवी देवताका लागि गरिने पर्वपूजा दुई किसिमका पाइन्छन् ।

## ४.३ तिलमाधव नारायणलाई प्रमुख मानेर गरिने पर्वपूजा

### ४.३.१ ज्येष्ठ शुक्ल षष्ठि (सिठि नःखा)

वर्षात् महिनको सुरुवातमा मनाइने यस पर्वमा विशेष गरि गणेश र कुमारको पूजा गरिन्छ । यस दिनलाइ स्थानीय नेवारहरूले सिठी नःखा को रुपमा पनि मनाउने गर्दछन् । यस दिन पानीको मुहानहरूको सरसफाइ पनि गरिन्छ । साथै बार र चतामरिको परिकारहरू पकाइ देवीदेवताहरूलाई चढाइने चलन छ । षष्ठिको दिन तिलमाधव नारायण मन्दिर प्राङ्गणमा रहेका इनारको सरसफाइ गर्ने लगायत बारा र चतामारीका परिकारहरू चढाइ पूजाआजा गरी यो पर्व मनाइन्छ ।

### ४.३.२ हरिबोधनी एकादशि

हरिवोधिनी एकादशी विशेषगरी भगवान् विष्णुको दिन हो । हरिवोधिनी एकादशीलाई ठूलो एकादशी पनि भन्ने गरिन्छ । यस दिन भगवान् विष्णुको मन्दिरमा श्रद्धालुहरूको भीड लाग्ने गर्दछ । काठमाडौं उपत्यकाको चार नारायण तथा बुढानिलकण्ठ नारायणमा मेला लाग्ने र यसै दिन सम्पुर्ण

हिन्दु नारीहरू सबेरै उठेर जलाशयमा स्नान गरी दिनभर शुद्ध फलफूल र जल सेवन गरी ब्रत बस्दछन् (केसी, २०६३ , पृ. ४४) ।

भगवान् विष्णुको विभिन्न नामहरूमध्ये एक नाम हरि पनि हो । क्षीर सागरमा सयन गरी बसेका भगवान् विष्णु कार्तिक शुक्ल एकादशीको दिनमा जाग्नुहुन्छ । विष्णु जाग्नुभएपछि प्राकृतिक प्रकोप र रोगव्याधिको भयबाट मुक्त हुन्छ भन्ने मान्यता रहेको छ । हरिबोधिनी एकादशीको दिन तुलसी विवाह गर्ने चलन गर्ने चलन पनि रहेको छ । हरिशयनी एकादशीको दिन मठ एवम् गमलाहरूमा रोपेको तुलसीलाई दैनिक पूजा गर्ने र कार्तिकमा विषेश पूजा गर्ने प्रचलन रहेको छ (पौड्याल, २०६२, पृ. १४३) ।

प्राय सबै वैष्णव मन्दिरहरूमा हरिबोधिनि एकादशीका दिन भक्तजनहरूको घुइँचो लाग्ने गर्दछ । भक्तपुरको तिलमाधव नारायण मन्दिर प्राङ्गणमा पनि हरिबोधिनी एकादशीको दिन मेला लाग्ने गरेको छ । विहान सवेरै मन्दिरमा भक्तजनहरूको भिड लाग्दछ । दिनभरी मन्दिरको ढोका खुल्ला गरि दर्शन दिने प्रचलन रहेको छ । साँझपख मन्दिरमा चारैतिर भएका पालाहरूमा दियो बालि तिलमाधव नरायणको पूजा अर्चना गरिन्छ ।

### ४.३.३ कार्तिक शुक्ल पूर्णिमामा हुने पर्वपूजा (सकिमां पुन्हि)

हरेक महिना एक न एक चाड मनाउने नेवार समुदायको विभिन्न महिनामा मनाइने चाडहरू मध्य कार्तिक शुक्ल पुर्णिमाको दिनलाई नेवार समुदायमा सकिमां पुन्हिका रुपमा मनाउने चलन छ । यस दिन नेवारहरूले पिडालु उसिनेर खाने गर्दछन् । विशेषगरि यस दिन काठमाडौं उपत्यकाका नेवारहरूको विभिन्न दाफा भजन एवम् गुठीहरूबाट टोलटोलमा भएका विभिन्न मठ-मन्दिरहरूमा बाजागाजा सहित विभिन्न अन्नहरू गहुँ, मकै, भटमास लगायत विभिन्न पकवानहरू पकाइ त्यसबाट विभिन्न मन्दिर, देवीदेवताहरूको आकृति एवम् जात्रापर्वहरूमा बनाइने रथहरूको समेत आकृति बनाइ यस्ता देवमन्दिरहरूमा प्रदर्शन गरिन्छ (चित्र नं. २८) ।

यसै क्रममा भक्तपुरको तिलमाधव नारायण मन्दिरमा पनि यस्तै किसिमले तिलमाधव नारायणको दुइछाने शैलीको मन्दिरको आकृति यस्तै गहुँ, मकै, भटमास र पक्वानहरूले तिलमाधव भजन गुठिका गुठीयारहरूले बनाउँदै आएका छन् । यो कार्य साँझको समयमा भजन किर्तन गरि समापन गरिन्छ । विभिन्न अन्नहरूलाईमाघ महिनामा श्री स्वस्थानी ब्रत कथा आरम्भ गर्ने क्रममा मात्रै बाँडेर प्रसादको रुपमा दिइन्छ । यसप्रकार कार्तिक शुक्ल पुर्णिमामा सकिमां पुन्हि पर्व समापन गरिन्छ ।

### ४.३.४ मकर संक्रान्तिमा हुने पर्वपूजा (घ्यचाकु संक्रान्ति)

नेपाली हिन्दू समाज चाडपर्वले घेरिएको समाज हो । यहाँ हरेक महिना एक न एक चाड मनाउने गरिन्छ । माघ महिनाको संक्रान्तिमा मकर संक्रान्ति पर्व मनाइन्छ । माघ महिनाको संक्रान्ति भएकोले यस पर्वलाई माघे संक्रान्ति र यस पर्वमा नेवार समुदायमा घ्यु र चाकु खाने परम्पराले

घ्यचाकु सल्हु वा संक्रान्ति पनि भनिन्छ । यो पर्व सूर्य दक्षीणायणबाट उत्तरायणमा जाँदा पर्दछ । यस दिन नदि नालाको दोभानहरूमा मेला लाग्दछ भने यस्ता नदि नालाको दोभानमा स्नान गर्नाले पवित्र हुने र रोग व्यधि हट्ने विश्वास रहेको छ । पौष महिनालाइ असुभ महिनाको रुपमा लिने गरिन्छ । त्यसैले यस महिनामा विवाह जस्ता शुभ कार्यहरू गरिंदैन । पौष महिनाको अन्त्यसँगै माघ महिनाको आगमन हुन्छ । यसलाइ राम्रा दिनहरूको सङ्केत स्वरुप पनि उत्साहका साथ मनाइन्छ (Andorson,1977, p.223) । स्वास्थ्यको दृष्टिकोणले पनि माघे संक्रान्ति महत्वपूर्ण छ । माघ महिनादेखि जाडो बढ्ने हुनाले शरीरलाइ ताप दिन र बलियो बनाउनकालागि घ्यु, चाकु, तिल लगायत सखरखण्ड, तरुल, पिंडालु आदि खाने प्रचलन रहेको छ । यस दिन नेवार समुदायमा आमाले आफ्ना सन्तानहरूलाई टाउको तथा कानमा तेल लगाइदिइ आशिर्वाद दिने गर्दछन् । यसै दिन बच्चा जन्मिन बाकी रहेका महिलाहरु माइती मै गएर यो पर्व मनाउनुपर्ने मान्यता रहेको छ ।

विशेष गरि नदि नालाहरूमा मेला लाग्ने भएपनि भक्तपुरको तिलमाधव नारायण मन्दिरमा पनि माघे संक्रान्ति मनाउने प्रचलन रहेको छ । यस दिन भक्तपुरका तमखु थरका मान्छेहरूको विशेष गुठीबाट विशेष रुपले कोतमा सात्विक पूजा सामग्री ल्याइन्छ । जसमा १ कुला घ्यु (४पाउ) र र कालो तिल पनि समावेश गरिन्छ । सुरुमा नारायणको मूर्तिमा पञ्चामृतले अभिषेक गरिन्छ । तिलबाट उत्पति भएको जनस्रुतिका कारण यस दिन तिलमाधव नारायणको मुख्य मूर्तिलाई पुरै घ्युले ढाक्ने गरिन्छ । त्यसमाथि कालो तिलले छोपिन्छ । यो कार्य समापन गरिसकेपछि भक्तजनहरूलाई जल प्रसाद वितरण गरिन्छ । साथै गुठीयारहरू भने प्रसाद लिएर गएपछि पुनः पञ्चमकार सहितको भोज खानपर्ने नियम रहेको छ । गुठीयारहरूसँगको अन्तर्वातावाट यो किर्ति तमखु परिवारकै धन्यश्वर तमखु नामक सम्पन्न व्यक्तिले आफ्ना उत्तराधीकारी नभएपछि बनाएर गएको रिति रहेको थाहा पाइन्छ । यसरी मकर संक्रान्ति पर्व समापन गरिन्छ ।

त्यसैगरी यसै दिनमा दिउँसो यस मन्दिर प्राङ्गणमा गाईलाई गहुँ उसिनेर खुवाउने प्रचलन पनि रहेको थियो । जुन वर्तमान समयमा लोप भैसकेको छ । यस किसिमको सँस्कृतिलाइ पुन उजागर गर्नुपर्ने र यसलाई जीवन्त प्रदान गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

### ४.४ भजन गुठिहरू

विभिन्न मठ-मन्दिरहरू एवम् देवीदेवताहरूको नाममा विभिन्न धर्मावलम्वीहरूले विभिन्न बाद्यवादन सहित गाउने विभिन्न धार्मिक भावका गीतहरूलाई नै भजन भनिन्छ । विशेषगरी मन्दिरमा गई विभिन्न बाजाका धुनहरू सहित भगवान्मा समर्पित भई भजन गाउने गरिन्छ । भजन विहान एवम् साँझको समयमा अथवा विशेष दिनहरूमा गाइन्छ । भजन प्रचलनको ऐतिहासिकताको बारेमा किटान गर्न नसकेतापनि लिच्छविकालीन समयमा धार्मिक आस्थाको विकास भएको समय थियो । यसै समयमा बनेका विभिन्न देवीदेवताका मूर्तिहरूले यस कुराको पुष्टि गर्दछन् । लिच्छविकालमा विभिन्न साहित्यहरूको रचना पनि भएका थिए कि भन्ने अनुमान लेलेको अभिलेखमा तात्कालिक समयमा प्रचलित विभिन्न गोष्ठिहरूको सँगै वादित्र गोष्ठिको उल्लेखले वाजा बजाउन सिकाउने प्रचलन रहेको

थहा हुन्छ (वज्राचार्य, २०३०, पृ. २८७) । लिच्छविकालीन समाज धार्मिकसमाज भएकाले देवताप्रति आस्था राखी धार्मिककार्यमा विभिन्न बाजागाजाहरू वजाइन्थ्यो । मल्लकालीन समयमा पनि गीत संगीतहरू प्रचलनमा रहेका थिए । मल्लकालमा पनि विविध साहित्यहरूको विकास भएका थिए । मध्यकालीन भक्तपुरका राजा भपतिन्द्र मल्लले गीतमाला, लोकपाल गीत, गीतसंग्रह आदि संगीतहरूको रचना गरेका थिए (क्षेत्री र रायमाझि, २०६०, पृ. २६६) । यसप्रकार भजन गर्ने प्रचलनको सुरुवाट पहिलेदेखि नै चल्दै आइरहेको देखिन्छ ।

तिलमाधव नारायण मन्दिरमा पहिलेदेखि प्रचलनमा आएका विभिन्न भजन गुठिहरू हाल आएर कतिपय लोप भैसकेका छन । थोरै मात्रै भजन गुठीहरू हाल प्रचलनमा रहेका छन । जसमध्ये हाल प्रचलनमा रहेका गुठीहरूमा कार्तिक शुक्ल पुर्णिमा एवम् कृष्ण जन्माष्टमीमा भजन गर्ने तिलमाधव भजन गुठि, माघे संक्रान्तिमा भजन गर्ने तमखु गुठि लगायत हनुमान पुजा गुठी, नवदाफा भजन गुठी, पलांदाफा भजन गुठी, कोफिंचा भजन गुठी आदि हाल प्रचलनमा रहेपनि लोप हुने अवस्थामा रहेका छन । जसको मुख्य कार्य भनेकै मन्दिर प्राङ्गणमा विहान र साँझको समयमा बाद्यवादन सहित भजन कीर्तन गर्नु र साथै विभिन्न विशेष धार्मिकमहत्वको दिनहरूमा विशेष भजन किर्तन गर्नु रहेको छ ।

## ४.५ मन्दिर प्राङ्गणमा भएका अन्य दवी देवताका लागि गरिने पर्वपूजा

### ४.५.१ कृष्ण जन्माष्टमी पर्व

नेपालमा मनाइने विविध चाडपर्वहरूमा कृष्ण जन्माष्टमी पनि एक हो । हिन्दुहरूका पुज्य देवता कृष्णले यस धर्तीमा अवतार लिएको दिनलाइ कृष्ण जन्माष्टमीको उत्सव गरी मनाइन्छ । कृष्णको जादुयी जन्म, उत्साहजनक वाल्यपन, अन्त्य नहुने प्रेम, कृष्णको रासलिला जस्ता कथाले नेपालीको मनमा महत्वपुर्ण ठाउँ ओगटेको छ (Andorson, 1977, p.105) । नेपाली समाजमा कृष्णको ठुलो महत्व रहेको छ । उनी मध्य रातमा जन्मेको हुनाले अघिल्लो दिन वा भध्यरात देखि नै उनको भक्ति सुरु हुन्छ । कृष्ण जन्माष्टमीको दिन कृष्णको मन्दिरमा गई पुजाआजा गर्नेको भीड हुन्छ । सवैजसो विष्णु मन्दिरहरूमा भक्तजनहरूको भीड लाग्ने गर्दछ । विशेष गरी पाटनको कृष्ण मन्दिरमा दर्शनार्थीहरूको भीड हुने गर्दछ । राधाकृष्णको विशेष रुपले आराधना गर्ने वल्लभ सम्प्रदाय, चैतन्य सम्प्रदाय, राधाकृष्ण सम्प्रदाय, प्रणामी सम्प्रदायका लागि यो विशिष्ट पर्वको दिन मानिन्छ (कोइराला, २०५२, पृ. ८८) ।

### ४.५.२ कृष्णको खटजात्रा

नेपालमा मनाईने विभिन्न जात्राहरूमध्ये खट जात्रा पनि एक हो । खट मन्दिरकै आकारमा बनाईएको हुन्छ । खट विशाल ठुलो एवम् सानो चितिक्क परेको दुवैथरीका बनाउने गरिन्छ । खट भित्र देवी देवताका मूर्ति सहित त्यसमा पाग्रां राखी डोरीले तान्न मिल्ने गरि वा बाँसको नोलले बोक्नमिल्ने गरी बनाइएको हुन्छ । उदाहरणका लागि भक्तपुरको विस्का जात्राको भैरब र भद्रकालीको विशाल रथ एवम् भक्तपुरकै नवदुर्गाको जात्रा गर्ने रथहरूलाई लिन सकिन्छ ।

तिलमाधव नारायण मन्दिरमा कृष्ण जन्माष्टमीमा मनाउने कृष्णको परम्परागट खटजात्रा खट बोकेर मनाइने जात्रा हो । परम्परागत दुइछाने शैलीको खट विग्रिसकेको र त्यसको सता हाल सामान्य एउटा छाना भएको खट जात्रा चलाउनका लागि बनाइएको छ (चित्र नं. ३०) । तिलमाधवनारायणमा कृष्ण जन्माष्टमीका दिन तिलमाधव भजन गुठीको आयोजनामा भक्तजनहरू यहाँ ब्रत बसि भजनकिर्तन गरेर रातभर जागराम बस्ने गरिन्छ । जसको अन्तरालमा कृष्णको स्वर्णजलपयुक्त सानो मूर्ति प्रदर्शन गरि कृष्ण जन्मको दृष्यावलोकन गराइन्छ । त्यसको भोलिपल्ट कृष्णको मूर्तिलाई खटमा राखी भक्तपुर नगर परिक्रमा गराइन्छ । नगर परिक्रमाको क्रममा विभिन्न भजन गुठिहरूको सहभागिताका साथै बाद्यबादनहरू पनि गरिन्छ । नगर परिक्रमा सकिएपछि खटलाई तिलमाधवनारायणको चोकमा ल्याई खट विसाइन्छ र कृष्णको स्वर्णमूर्ति तिलमाधव भजन गुठीका गुठीयारहरूले निकालेर लान्छन् । त्यसैगरि खटलाइ यहिको सत्तलमा राखीन्छ । सो खट र कृष्णको मूर्ति अर्को वर्षको जात्रामा मात्र निकालिन्छ । यसरी यो जात्रा दुइदिनसम्म चलाई सम्पन्न गरिन्छ ।

## ४.६ माधवनारायण ब्रत

हिन्दू धर्मका विशिष्ट देवता भगवान् विष्णुलाई विभिन्न अवतार तथा विभिन्न नामहरूले सम्बोधन गरिन्छ । माघ महिनामा भगवान् विष्णुलाई माधव नामले परिचय गराइन्छ । काठमाडौंको साँखु, भक्तपुरको हनुमान घाटको त्रिवेणिधाममा माघ महिनाभरि मेला लाग्ने गर्दछ । माघ शुक्ल पुर्णिमादेखि फागुन शुक्ल पुर्णिमासम्म एक महिना यी दबै स्थानहरूमा मेला लाग्दछ । यो महिना भरी माधवनारायण र श्रीस्वस्थानीमाताको पुजाआराधना गरी ब्रत बस्ने गरिन्छ । यहि समयदेखि श्रीस्वस्थानीमाताको ब्रतकथा घरघरमा पनि सुनाउने गरिन्छ ।

हनुमान्घाटमा एक महिनासम्म नुन नखाइ र जुत्ता नलगाइकन खाली खुट्टा भक्तजनहरू ब्रत बस्दछन् । हनुमान्घाटमा रहेको यस माधवनारायणलाई अन्यन्त्र पनौती, पशुपति, फर्पिङ, चाँगुनारायण, इचँगुनारायण, तिलमाधव नारायण लगायतका विभिन्न स्थानहरूमा लगिन्छ । यसरी माधवनारायणलाई अन्यन्त्र लैजाने क्रममा ब्रतालुहरू पनि सँगै जान्छन् । यसै क्रममा हनुमान्घाट क्षेत्रमा माधवनारायणको ब्रत वसेका धर्मावलम्वीहरू एक महिना सम्म दैनिक रुपमा ब्रत समापन पश्चात यस तिलमाधवनारायण मन्दिरमा सबैजना ब्रत बसेका भक्तजनहरू आएर दर्शन गर्ने प्रचलन रहेको छ ।

## ४.६ मन्दिरको टुँडालमा भएका काष्ठ कलाकारितायुक्त कामकला

केही विद्धानहरूका अनुसार कामकला विभिन्न यानहरू तन्त्रयान, बज्रयान, सहजयान आदिसँग सम्बन्धित रहेको छ । प्राचीनकालदेखि नै तन्त्रयान वा तन्त्रबादलाई अपनाएर पञ्चमकारका तत्वहरू मद्य, मैथुन, मुद्रा र मत्स्यलाई शैव र वैष्णव धर्म सम्प्रदायका अनुयायीहरूले अपनाएका थिए (जोशी, १९८६, पृ. ९) । हाम्रो धर्मशास्त्रहरूमा पनि चार पुरुषार्थहरू धर्म, अर्थ, काम र मोक्ष मध्ये "काम" लाई मोक्षमार्गतिर अग्रसर गराउने एउटा बाटोको रुपमा लिइएको छ । वैदिक साहित्यमा कामक्रिडालाई बलिदानको अर्थमा व्यक्त गरिएको पाइन्छ । आर्यहरूले रतिक्रियालाई कामदेवको प्रतिकको रुपमा मान्ने

गर्दछन् । महाकाव्य तथा पुराणहरूमा कामदेवलाई बलेको ज्वालाबाट निस्किएको रुपमा उल्लेख गर्रिको छ । कामदेव जीवित प्राणिको कामावस्थालाई जगाउने देवताका रुपमा चिनिन्छन् ।

नेपालमा मन्दिरहरूको टूँडालहरूमा भएको कामकलापूर्ण आकृति तथा मूर्तिहरूको उद्देश्य मन्दिरलाई प्राकृतिक विपत्तिबाट बचाउनको लागि हो । यस्तै प्राकृतिक विपत्तिहरूबाट बचाउनकोलागि महिलाले गुप्ताप्ताङ्ग ढाक्न लगाउने साडीलाई नयाँ निर्माण भएको घरको धुरीमा राख्ने चलन अहिले पनि ठाउँ ठाउँमा चलेको पाइन्छ (जोशी, १९८६, पृ. १२ ) । केही विद्धानहरूले मन्दिरको टुँडालमा भएको कामकलाको आकृतिहरूलाई “आलम्बुशा तन्त्र” सँग जोडेको पाइन्छ । आलम्बुशाले नाङ्गा र छाडा दृष्यहरू हेर्न सक्दिन थिइन र कुनैपनि वस्तुलाई हेरेर जहाँ थुक्ने गर्दथिन्, त्यो पुर्णरुपमा नष्ट भएर जान्थ्यो । महाभारतको युद्धमा जब आलम्बुशाले पाण्डवहरूको पक्षमा थुक्न आँटेको बखतमा कृष्णले हनुमानलाई संकेत गर्दछन् । तत्कालै हनुमानले आफ्नो लँगोटी फूकाली आफ्नो नग्न लिङ्ग आलम्बुशालाई देखाउनकोलागि जिस्काउँदा आलम्बुशा लाजले भुतुक्क भई टाउको अर्को दिशातर्फ फर्काई अज्ञानतावश कौरवको फौजतिर थुक्छिन् जसबाट कौरवले ठूलो क्षति बेहोर्नुपर्ने हुन्छ । हनुमानको यस्तो दुर्व्यवहार पूर्ण कार्य देखेपछि आलम्बुशाले हनुमान लगायत सम्पुर्ण देवादिहरूलाई नष्ट गर्ने निर्णय गर्दछिन् । आलम्बुशाको यो बदला लिने कार्यबाट बचाउनको लागि नै हनुमान लगायत अन्य देवताको मन्दिरहरूमा भएका ठूला टुँडालहरूमा मान्थम, रतासनयुक्त यौन विषयका कलाकृतिहरूको स्थापना गरिएको पाइन्छ (जोशी, १९८६, पृ. १२-१३) ।

तिलमाधव नारायण मन्दिरको पहिलो तल्लाको छानाका टुँडालहरूमा कामकलाका मूतिहरू छैनन् भने दोस्रो तल्लाका छाना अड्याउन प्रयोग गरिएका टुँडालहरूमा कामकलाका आकृतिहरू रहेका छन् ।

पाँचौ अनुच्छेद

## ५.१ सारसंक्षेप

उपत्यकाका साँस्कृतिक शहरहरू मध्ये भक्तपुर शहर प्राचीन एवम् महत्वपूर्ण शहरको रुपमा रहेको छ । यहाँ रहेको महत्वपूर्ण मन्दिरहरूमा पूर्वमध्यकालमा निर्माण भएको तिलमाधव नारायण मन्दिर सानो भएतापनि वास्तुशैलीको दृष्टिकोणबाट उत्कृष्ट तलेशैली अन्तर्गत यसको विशेष महत्व रहेको छ । यस मन्दिरमा प्रयोग गरिएका तोरण र टुँडालहरू पनि उत्कृष्ट र कलात्मक रहेका छन् । टुँडालहरूमा लौकिक जीवनसँग सम्बन्धित एवम् कामकलाका आकृतिहरू बनाइएका छन् । समय समयमा प्राकृतिक विपति आईरहने हुनाले यो मन्दिर पुर्वमध्यकालमा निर्माण भएको पुरातात्विक स्रोतहरूबाट पत्ता लागेको भएतापनि हाल यसको स्वरुप भने मध्यकालताकाको देखिन्छ ।

वास्तुकलाको दृष्टिकोणबाट यो मन्दिर दुईतल्ले सानो भएतापनि छाने शैलीमा निर्मित मन्दिरमा इँटा र काष्ठकलाको राम्रो प्रयोजन भएको पाइन्छ । तिलमाधव नारायण मन्दिरको वायव्यकोणमा अवस्थित काठको जालीदार शिवको उत्कृष्ट देवल र ईशानकोणमा नवग्रह सहितको सूर्यको सानो देवल रहेको छ ।

मन्दिरको सुक्ष्म रुपले अध्ययन गर्दा प्रथम तल्लाको टुँडालहरूमा कुँसल बाहेकका टुँडालमा चारवाहुमा शंख, चक्र, गदा र पद्म लिएका स्थानक विष्णुका मूतिहरू रहेको र तल्लो भागमा लौकिक जीवनसँग सम्बन्धित आकृतिहरू मन्दिरको वरिपरिका देवीदेवता लगायत मठ एवम् देवल आदिले मन्दिरको धार्मिक तथा आध्यात्मिक भावनालाई बढाएको छ । वैष्ण देवताको यस मन्दिरमा सात्विक विधि अनुसार पूजाआजाहरू समापन गर्ने गरिन्छ । यस मन्दिरमा नित्यपूजाका अतिरिक्त पर्वपूजा पनि वर्षेनी गरिँदै आइरहेको छ ।

## ५.२ सुझाव

नेपाल एक भुकम्पिय जोखिमयुक्त देश भएको हुनाले कतिपय सम्पदाहरू विनास भैसकेका छन भने कतिपय सम्पदाहरू भने पुनःनिर्माणका कारणले हाल पनि अस्तित्वमा रहिरहेका छन । एकातिर मठ-मन्दिरहरू विनाश भएर गएपनि त्यसका साँस्कृतिक पक्षहरूले भने निरन्तरता पाइरहेको छ भने अर्कोतिर मठ-मन्दिरहरू अस्तित्वमा रहिरहेको भएतापनि त्यसका साँस्कृतिक पक्षहरू भने लोप भइसकेका छन् । कतिपय सम्पदाहरू जीर्णोद्धार गरिएका भएपनि त्यसको मौलिक स्वरुपलाइ पनि परिवर्तन गरिएका पाइन्छन । भक्तपुर शहरको स्थापनाको प्रसंगसँगै जोडिएको यस तिलमाधव नारायण मन्दिरको ऐतिहासिकता लाई पूर्वमध्यकालका राजा आनन्द देव सँग जोड्न सकिन्छ ।

हाल आएर यस तिलमाधव नारायण मन्दिर धार्मिकस्थलका अतिरिक्त एक पर्यटकिय स्थलको रुपमा पनि विकास भएको छ । यस स्थानको राम्रोसँग संराक्षण र सम्बर्द्धन हुन सकेको खण्डमा पुरातात्विक महत्वका वस्तु तथा धार्मिकभावनाको कदर हुनुका साथै यस स्थानलाइ पर्यटकिय स्थलको

रुपमा विकास गर्न सकिने देखिन्छ । यस मन्दिरको विकास एवम् उत्थानका लागि केहि प्रमुख सुझावहरू यसप्रकार रहेका छन् -

(क) तिलमाधव नारायण मन्दिर र यस परिसरको जिर्णेद्धार, संरक्षण र सम्वर्द्धन कार्य सरकार, गुठी संस्थान लगायतको मात्र नभइ आम सर्वसाधारणहरूको पनि दायित्व रहेको जनचेतना फैलाउनु पर्छ ।

(ख) भक्तपुर दरवार परिसरमा रहेको भएपनि यस मन्दिरको आफ्नै महत्व रहेको छ ।

(ग) मन्दिर परिसरमा रहेको गरुड स्तम्भ अभिलेखमा यहाँका स्थानियहरू जीउ दुख्दा त्यसमा जीउ घसेमा निको हुने मानसिकताका कारण अभिलेख विग्रने अवस्थामा पुगेको छ जसको उचित व्यवस्थापन गर्न जरुरी रहेका छ ।

(घ) मन्दिरको पुःन निर्माणको क्रममा मन्दिरको मौलिक स्वरुपलाई परिवर्तन गरेको र तोरण लाइ समेत अमिल्दो किसिमले राखीएको पाइएको हुनाले सहि तरिकाल पुःन मिलाउन जरुरी देखिन्छ ।

(ङ) मन्दिर वरिपरि दियो बाल्दा मन्दिरका भित्ताहरू कालो हुने दलिनहरू आगोले छुने हुँदा यस्ता किसिमका क्रियाकलापहरू ग्र्दा विशेष ध्यान पु-याउनु पर्ने देखिन्छ ।

(च) मन्दिरसँग सम्बन्धित विभिन्न धार्मिकक्रियाकलापहरू विभिन्न गुठीहरू लगायत आयस्रोतको अभावले लोप भएका पर्वहरू रहेको हुनाले ती लोप भएका पर्वहरूलाई पुःन जीवन्त वनाउनको लागी आवश्यक सामग्रीहरूको व्यवस्था गरिनुपर्ने देखिन्छ ।

## ५.३ निष्कर्ष

नेपालको चिनारीको रुपमा रहेका सामाजिक तथा साँस्कृतिक सम्पदाहरू भावी पुस्ताहरूलाईपुस्तान्तरण गर्नका लागि यस्ता सम्पदाहरूलाईसंरक्षण गर्नु अति आवश्यक देखिन्छ । देशकै चिनारीका रुपमा रहेका यस्ता सम्पदाहरूको संरक्षण हाम्रो देशको महत्वपूर्ण पक्ष हो ।

उपत्यकाका तीन साँस्कृतिक शहरहरूमध्ये भक्तपुर पनि एक प्राचीन नगरको रुपमा रहेको छ । यहाँ अवस्थित तिलमाधव नारायण मन्दिर बंशावली एवम् जनस्रुति अनुशार तिलको थुप्रोवाट उत्पति भएको र देवल स्थापना भएको भनाइ रहेतापनि पुरातात्विक स्रोतका आधारमा पूर्वमध्यकालमा राजा आनन्ददेवको पालामा यस मन्दिरको निर्माण भएको कुरा त्यहाँ अवस्थित गरुड स्तम्भ अभिलेखबाट थाहा हुन्छ । साथै यस प्राङ्गणबाट चोरी भएको श्रीधर विष्णुको मूर्ति पनि बाह्रौं शताब्दिको मानिएको छ । मन्दिरको वास्तुशैलीको दृष्टिकोणबाट उत्कृष्ट छानेशैली अन्तर्गत परेको यो मन्दिरको संरचनालाइ मध्यकालीन समयमा निर्माण भएको थाहा पाउन सकिन्छ । त्यसैगरि पछिल्लो समयसम्म पनि मन्दिरमा

भक्तजनहरले विभिन्न समयमा धार्मिकआस्थाले, दान तथा चन्दा राख्ने भावले विभिन्न कलात्मक बस्तुहरू नारायण भगवान्को नाममा चढाउने क्रम चल्दै आएको देखिन्छ ।

मम्दिरको अमुर्त क्रियाकलापहरूको लागि रहेका परम्परागत गुठिहरू एवम् भजनगुठिहरू लोप भैसकेको देखिन्छ । तरपनि हाल विभिन्न साँस्कृतिक क्रियाकलापहरू भने प्रचलनमा रहिआएको देखिन्छ । यस्ता परम्पराहरूको सञ्चालनका लागि आर्थिक अभाव भोगिरहेको हुनाले सामान्य रुपमा मात्रै औपचारिक पूजाआजा गरिन्छ । तर आयस्रोत भएका गुठिहरू जस्तै तमखु हरूको गुठिबाट माघे संक्रान्तिको पर्वमा विशेष पूजा सम्पन्न गरिन्छ ।

तिलमाधव नारायण भजन गुठिका सदस्यहरूले भने कृष्ण जन्माष्टमीमा जात्रा गर्न सूरुमा दुइछाने शैलीको सानो आकर्षक खट रहेकोमा हाल आर्थिक अभावका कारण सामान्य खटमा मात्रै कृष्णको जात्रा गरिने गरेको देखिन्छ । यसप्रकार मन्दिरको निर्माण पूर्वमध्यकालमा भएको भएतापनि विभिन्न कालखण्डमा विभिन्न कलावस्तुहरू थप्ने चलनले गर्दा र पुनः निर्माणका क्रममा मन्दिरको स्वरुपलाइ पनि थोरै थोरै परिवर्तन गर्दै ल्याएको देखिन्छ ।

## परिशिष्ट १

अनुसन्धानका क्रममा सोधिएका प्रश्नावलीहरू

तिलमाधव नारायण मन्दिरको स्थापना कहिले भएको थियो ?

तिलमाधव नारायणको उत्पति कसरी भयो ?

तिलमाधव नारायणको उत्पतिका किम्बदन्तिहरू के के छन् ?

तिलमाधव नारायण मन्दिरसँग सम्बन्धित किम्बदन्तिहरू के के छन् ?

तिलमाधव नारायण मन्दिरमा पूजारी परम्परा कस्तो छ ?

तिलमाधव नारायण मन्दिरमा पूजारीको आयस्रोत के मा आधारित छ ?

तिलमाधव नारायणकोको दैनिक नित्य पूजा कसले गर्दछ ?

तिलमाधव नारायणको नित्य पूजाविधि के के हुन ?

तिलमाधव नारायण मन्दिरको गर्भगृहमा अरु कुन मूर्तिहरू छन् ?

तिलमाधव नारायण मन्दिरका के के जात्रापर्वहरू हुन्छन् ?

तिलमाधव नारायण मन्दिर प्राङ्गणमा कुन कुन देवीदेवताका मन्दिर र मूर्तिहरू छन् ?

तिलमाधव नारायण मन्दिर प्राङ्गणमा भएका कुन कुन देवीदेवताका जात्रापर्वहरु गरिन्छ ?

तिलमाधव नारायण मन्दिरसँग सम्बन्धित गुठीहरु छन् कि छैनन् ?

तिलमाधव नारायण मन्दिरको हालसम्म कतिपटक जीर्णोद्धार भैसकेको छ ?

तिलमाधव नारायण मन्दिरमा के कस्ता जात्रा पर्वहरु लोप भैसकेका छन् ?

तिलमाधव नारायण मन्दिरमा हालसम्म चोरि भएका मूर्तिहरू कति वटा र कति पुराना छन् ?

तिलमाधव नारायण मन्दिरमा रहेका सत्तलहरूको पुःन निर्माणमा के कस्ता कथिनाइहरु रहेका छन् ?

## परिष्टि २

अन्तरवार्ता लिएका व्यक्तिहरुको नामावली

१. तिलमाधव नारयण मन्दिरका पुजारी श्री रामभक्त राजापाध्याय वर्ष ६१ (२०७७ कार्तिक १२)


२. तमखु गुठिका गुठियार श्री सिताराम तमखु वर्ष ५५ (२०७७ पुष १७)

३.तिलमाधव नारयण भजनगुठिका गुठियार शिव भक्त खयरगोली वर्ष ६५ (२०७८ श्रावण २२)


४.स्थानियवासी श्री अष्टनारायण घेमसु वर्ष ६५  (२०७८ भाद्र ३)

परिशिष्ट ३

# भक्तपुरको नक्शा



**चित्रफलक**



चित्र सं.१ नाननिमा अवस्थित नेपाली दुइछाने शैलिको तिलमाधव नारायण मन्दिर



चित्र सं.२ तिलमाधव मन्दिरको तोरण मूर्तिहरु चोरी भैसकेपछि खाली रहेको तोरण जसमा शिव, ब्रम्हा, कुमार आदि बाँकी रहेका छन् ।



**चित्र सं.३** पुनः निर्माण पछि मुल देवता लगाएत अन्य मूर्तिहरु थपेपछिको सुन्दर  तोरण ।



**चित्र सं.४** मन्दिरको गर्भगृहमा अवस्थित दशावतारको आवरण एवं क्षपुद्धारा संरक्षित नारायणको मूर्ति



चित्र सं.५ तिलमाधव नारायण मन्दिर प्राङ्गणमा रहेका गरुढ स्तम्भ र राजा आनन्ददेवको पालाको पूर्वमध्यकालीन अभिलेख ।



चित्र सं.६ गरुढ स्तम्भमाथि रहेको मानव मुखाकृतिमा निर्मित गरुढको मूर्ति ।



चित्र सं.७ तिलमाधव नारायण मन्दिरको ढोकामा लगाईएको नारायण भगवानको आकृति रहेको परम्परागत भोटे ताल्चा ।



चित्र सं.८ तिलमाधव नारायण मन्दिरको धातुको पाताले मोरेको जालीदार मूल प्रवेशद्धार



चित्र सं.९ तिलमाधव नारायण मन्दिरको छाना अड्याउन लगाइएका टुडाल जसमा चारवाहु भएका नारायणको मूर्ति कुँडिएको छ ।



चित्र सं.१० मन्दिरको चारैतिर एकै किसिमका खोल्न नमिल्ने शोभाकोलागि प्रयोग भएका गःझ्यालेहरु ।



चित्र सं.११ तिलमाधव नारायण मन्दिर प्राङ्गणमा रहेको भूमण्डल भनिएको समुन्द्र मन्थनको दृष्य देखाइको स्तम्भ र त्यसमा रहेका द्धादश नारायण र ब्रम्हा र विष्णु सहितको अष्टदिघपालहरु ।



चित्र सं.१२ अष्टदिघपाल मध्यका निऋति



चित्र सं.१३ अष्टधिपाल मध्यका यम



चित्र सं.१४ अष्टदिघपाल मध्यका अग्नि



चित्र सं.१५ अष्टदिघपाल मध्यका इन्द्र



चित्र सं.१६ अष्टदिघपाल सँगै रहेको गरुढमा आसिन विष्णु



चित्र सं.१७ अष्टदिघपाल सँगै रहेको हाँसमा आसिन तीन शिरयुक्त ब्रम्हा



चित्र सं.१८ अष्टदिघपाल मध्यका इशान



चित्र सं.१९ अष्टदिघपाल मध्यका कुवेर



चित्र सं.२० अष्टदिघपाल मध्यका वरुण



चित्र सं.२१ अष्टदिघपाल मध्यका वायु



चित्र सं.२२ द्वादश नारायण



चित्र सं.२३ पुनः निर्माणको क्रममा नवग्रह सहितको सूर्यको देवल



चित्र सं.२४ नवग्रह सहितको सुर्यको देवल बाहिर रहेको खण्डित



चित्र सं.२५ नवग्रह सहितको
आकर्षक सुर्यको मूर्ति



चित्र सं.२६ मयुरमा आरुढ कुमार



चित्र सं.२७ तिलमाधव नारायण मन्दिरको वायव्य कोणमा अवस्थित शिव मन्दिर ।



चित्र सं.२८ तिलमाधव नारायण मन्दिरमा सकिमाना पुन्हिमा अन्नबाट निर्माण गरिएको तिलमाधव नारायण मन्दिरको प्रतिरुप ।



चित्र सं.२९ मन्दिर प्राङ्गगणमा दर्शनका क्रममा भक्तजनहरु ।



चित्र सं.३० कृष्णको जात्राको लागि परम्परागत खट लोप भइसकेपछि हाल प्रयोगमा ल्याइएको कृष्णको जात्रा गर्ने खट ।

## सन्दर्भ-ग्रन्थ सूची

नेपाली भाषाका पुष्तकहरु

अमात्य, साफल्य (२०६८)। *पुरातत्व, इतिहास र सँस्कृति,* काठमाडौंः भृकुटि एकेडेमी पब्लिकेसन्स्।

के. सी, टङ्क (२०६३), *धार्मीक संस्कृतिमा चाडपर्व र जात्रा,* काठमाडौंः लोक संगीत कला प्रतिस्थान।

कोइराला, कुलचन्द्र (२०५२)। *नेपाली सँस्कृति जात्रापर्व,* काठमाडौंः कुलचन्द्र स्मृति प्रतिस्थान।

खनाल, मोहनप्रसाद (२०४०)। *चाँगुनारायणका ऐतिहासिक सामग्री,* काठमाडौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र।

खनाल, मोहनप्रसाद (२०५२)। *नेपाली कला,* ललितपुरः साझा प्रकाशन।

खनाल, सन्ध्या (२०७५)। *प्रतिमा लक्षण,* काठमाडौंः रत्न पुस्तक भण्डार।

खत्री, प्रेम (२०४६)। *नेपाली समाज र सँस्कृति,* कीर्तिपुरः पाठ्यक्रम विकास केन्द्र।

दाहाल, पेशल र खतिवडा, सोमप्रसाद (२०५५)। *नेपालको कला र वास्तुकला,* काठमाडौंः एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स।

धौबञ्जार, गोपाल (२०६५)। *बिस्केट जात्रा,* ललितपुरः जोशी रिसर्च इन्ष्टिच्युट।

नेपाल, ज्ञानमणि (२०६२)। *नेपालको माध्यामिक कालको इतिहास,* काठमाडौंः मकालु बुक्स एण्ड स्टेसनर्स

पौड्याल, विणा (२०५७)। *नेपाली मूर्तिकला र चित्रकला,* कीर्तिपुरः नेपाली इतिहास, सँस्कृति तथा पुरातत्व केन्द्रिय विभाग त्रि. वि.।

पौड्याल, विणा (२०६२)। *काठमाडौं उपत्यकाका विष्णुविभव मूर्तिहरु,* कीर्तिपुरः नेपाल एशियाली अनुसन्धान केन्द्र त्रि. वि.।

पौड्याल, विणा (२०६२)। *वेदपुराणका केहि रत्नहरु,* ललितपुरः साझा प्रकाशन।

पौडेल, नयनाथ (२०२०)। *भाषा वंशावली,* काडमाण्डौः पुरातत्व विभाग नेपाल राष्ट्रिय पुस्टकालय।

रेग्मि, जगदीसचन्द्र (२०२६)। *लिच्छवी सँस्कृति,* काठमाडौंः रत्न पुस्तक भण्डार।

रेग्मि जगदीसचन्द्र (२०५३)। *नेपालको राजनैतिक इतिहासः* पुल्चोक, साझा प्रकाशन।

वज्राचार्य, धनवज्र (२०३०)। *लिच्छवीकालका अभिलेख,* कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र त्रि. वि.।

वज्राचार्य, धनवज्र (२०६८) । *पूर्वमध्यकालका अभिलेख,* कीर्तिपुरः नेपाल एशियाली अनुसन्धान केन्द्र त्रि. वि. ।

वज्राचार्य, मनवज्र (मि. न.) । *नेपालको मध्यकालिन कला,* काठमाडौं : सुचना विभाग ।

सापकोटा, विष्णु (२०६०) । *नेपालको चाडपर्वमा छठ पर्व,* काठमाडौंः राजकिय प्रज्ञा प्रतिष्ठान ।

सुवेदि, मधुसूदन (२०६३) । *सनातन विशेष चाडपर्व तथा धार्मिक लेख,* ललितपुरः

श्रेष्ठ, कल्पना (२०७०) । *भक्तपुरका ऐतिहासिक काष्ठभ्यालहरु :* प्रिन्ट एज प्रा. लि. काठमाडौं ।

क्षेत्री, गणेश र रायमाझी रामचन्द्र (२०६०) । *नेपालको इतिहास,* काठमाडौंः एशिया पब्लिकेसन्स ।

Anderson, M. (1977) . *The Festivals of Nepal*. New Delhi: D. Mehra, Rupa & co.

Banarjee, N. R. (1979). *Neplese Architecture. New Delhi: Aagamkla Prakasan.*

*Bangdel, Lain S. (1989). Stolen Images of Nepal*. Kathmandu: Royal Nepal Academy.

*Bangdel, Lain S. (1995) Inventory of Stone Sculptures of the Kathmandu Valley*. Kathmandu: Royal Nepal Academy.

Korn, Wolf Gang 1979). *The Traditional Architecture of the Kathmandu Valley*. Kathmandu Ratna Pustak Bhandar.

Moris, W. (1979). *The American Heritage Dictionary of English Language*. America: American Publishing Company.

Pal, P. (1985). *Vaisnava Iconolog in Nepal*. Calcutta: The Asiatic Society.

Slusser M. (1981). *Nepal Mandal*. Prineton university press: New Jersey.

Vajracharya, Dhanavajra and Malla Kamal P. (1985). *The Gopalraj Vamsavali*. Franz Steiner Verlag Wiesbaden Gmbh.

journal

अमात्य, साफल्य (२०४७), *वैष्णव धर्मको इतिहास र फर्पिङ शिखरनारायण,* पुरातत्व विभाग, *प्राचीन नेपाल,* अंक १२० । पृ. १-११

थापा, रमेशजङ्ग (२०२९) *नवग्रह एक अध्ययन,* पुरातत्व विभाग, *प्राचीन नेपाल,* अंक १९ । पृ. ३७-४०

जोशी, हरिराम (१९८६), *कामकला,* रोलम्बा, अंक २ । पृ. ९

मिश्र, तारानन्द (२०२९), *प्यगोडा विदेशीहरुले दिएको भ्रामक र विडम्बनापूर्ण नेपाली मन्दिर शैलीको नाम,* मधुपर्क, वर्ष ५, अंक ११ । पृ. १८

साँस्कृतिक नगर भक्तपुर - एक परिचय (२०५८), *मासिक पत्रिका,* वर्ष २० अंक २ ।

वज्राचार्य, पुण्यरत्न (२०२३), *हाम्रा मन्दिरहरुको कलात्मकता,* हाम्रो सँस्कृति, वर्ष १, अंक २ । पृ. ४-६